हुलाक द. नं. १५/०७८/७९

# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ७, अङ्क २५, पूर्णाङ्क २९५ | २०७८ पुस २८ गते बुधबार | Wednesday, 12 Jan 2022 | www.eratokhabar.com | मूल्य रु. १०

## महासचिव विप्लवद्वारा नन्दकला बयकप्रति हार्दिक श्रद्धाञ्जली


**काठमाडौँ।**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले जनक्रान्तिका घाइते तथा अपाङ्ग योद्धा सङ्घ नेपालका केन्द्रीय संयोजक प्रेमबहादुर बयक 'पर्वत' की आमा नन्दकला बयकप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गरेका छन् । महासचिव विप्लवले मङ्गलबार शोकवक्तव्य जारी गर्दै जनक्रान्तिका घाइते तथा अपाङ्ग योद्धा सङ्घ नेपालका संयोजक पर्वतलगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना पनि व्यक्त गरेका छन् ।

२०११ साल साउन ५ गते अछामको तत्कालीन भैरवस्थान गाविसमा जन्मिएकी नन्दकला बयकको ६८ वर्षको उमेरमा पुस २७ गते मङ्गलबार ... बाँकी पृष्ठ ७ मा

# नेपाली भूभागबाट तत्काल सेना फिर्ता लग्न भारतलाई नेकपाको चेतावनी

## भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेक अतिक्रमण गरेर सार्वभौमसत्तामाथि हस्तक्षेप गऱ्यो : कञ्चन






■ **रातोखबर संवाददाता**/काठमाडौँ

भारतीय साम्राज्यवादले फेरि नेपालको भूमिमाथिको हस्तक्षेप र अतिक्रमण बढाउने निर्णय गरेको छ । भारतका प्रम नरेन्द्र मोदीले नेपालका अतिक्रमित लिपुलेक, लिम्पियाधुरा, कालापानीलगायत भूमिमा यसअघि निर्माण गरेको सडकलाई अझै विस्तार गर्ने योजना सार्वजनिक गरेसँगै नेकपाले त्यसको कडा प्रतिवाद गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टीले वक्तव्य जारी गरी भारत सरकारले नेपाली भूमि लिम्पियाधुरा, कालापानी, लिपुलेकबाट आफ्ना सैनिक फिर्ता लैजानुको सट्टा चीनको मानसरोवर जोड्न बलजफ्ती बनाइएको बाटो चौडा र विस्तार गर्ने घोषणा गरेकोमा चिन्ता र आक्रोशसँगै निन्दा प्रकट गरेको छ । नेकपा अन्तर ष्ट्रिय विभागका इन्चार्ज कञ्चनले वक्तव्य जारी गरी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका अतिक्रमित भूमि हुँदै चीनको मानसरोवर जाने बाटो विस्तार गर्ने निर्णय गर्दा पनि नेपाली काङ्ग्रेसको नेतृत्वमा बनेको सरकार भारतीय रबैयाप्रति चुप लागेर बस्नु, नेपालका लागि भारतको दलाली गर्नु, उसको साम्राज्यववादी नीतिप्रति दब्बुपना देखाउनु देश र जनताका लागि शर्मनाक विषय रहेको भन्दै तत्काल कूटनीतिक पहल लिएर अतिक्रमणकार्य रोक्न आह्वान गरेका छन् ।

नेकपा नेता कञ्चनद्वारा सोमबार जारी वक्तव्यमा भनिएको छ, 'भारत सरकारका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका भूभाग लिम्पियाधुरा, कालापानी, लिपुलेकबाट आफ्ना सैनिक फिर्ता लैजानुको सट्टा चीनको मानसरोवर जोड्न बलजफ्ती बनाइएको बाटो चौडा र विस्तार गर्ने घोषणाले हाम्रो पार्टीको ध्यानाकर्षण गरेको छ । नेपाली काङ्ग्रेसको नेतृत्वमा बनेको नेपाल सरकार भारतीय रबैयाप्रति चुप लागेर बस्नु, नेपालका लागि भारतको दलाली गर्नु, उसको साम्राज्यववादी नीतिप्रति दब्बुपना देखाउनु देश र जनताका लागि शर्मनाक विषय हो ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'हाम्रो पार्टी भारत सरकारलाई यो साम्राज्यवादी ... बाँकी पृष्ठ ७ मा

## डोल्पामा नेकपाको पार्टी कार्यालय उद्घाटन

**सुनिल सिंह**

डोल्पा : नेपाल कम्युनिस्ट पार्टी डोल्पाले जिल्ला पार्टी कार्यालय उद्घाटन गरेको छ। जिल्ला सेक्रेटरी धमिलको प्रमुख आतिथ्यमा मुड्केचुला गाउँपालिका कालिकामा रहेको सहिद स्मृति भवनमा जिल्ला पार्टी कार्यालय उद्घाटन गरिएको हो।

सेक्रेटरी धमिलले संसदीय व्यवस्था असफल भएकाले जनताको मुक्तिका लागि वैज्ञानिक समाजवादमा जानुपर्ने बताए । उनले त्यसका लागि व्यवस्थाको फैसला गर्ने अधिकार जनतालाई दिनुपर्ने र ... बाँकी पृष्ठ ७ मा

## इलाममा सहिदको समाधि सरसफाइ

**इलाम** । युवा सङ्गठन नेपालद्वारा सञ्चालित 'जनमतसङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान ०७८' इलाममा भव्य ढङ्गले चलिरहेको छ । इलामको चुलाचुलीबाट सुरु भएको यो अभियान माई नगरपालिका हुँदै इलामको रोङ गाउँपालिकामा पुगेर अभियानका विभिन्न गतिविधि गरी सूर्योदयतर्फ प्रवेश गरेको छ।

२ नम्बर अभियान टिमका प्रमुख दीपको नेतृत्वमा इलामको रोङ आएको अभियान टिमले जनयुद्धका क्रममा ... बाँकी पृष्ठ ७ मा

## संसदीय चुनाव होइन, जनमतसङ्ग्रह गराऊ

**वसन्त विक**/बाँके

नेकपा केन्द्रीय समितिका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले संसदीय व्यवस्थाको चुनाव नभएर वैज्ञानिक समाजवादका लागि जनमतसङ्ग्रहको चुनाव गराउनुपर्ने बताएका छन् ।

जनपत्रकार सङ्गठन नेपाल बाँकेको आयोजनामा आइतबार नेपालगन्जमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा नेता कञ्चनले संसदीय व्यवस्थाको अर्थव्यवस्था पूरै असफल भएकाले वैज्ञानिक समाजवाद अनिवार्य भएको बताए । उनले नेपालमा जनमतसङ्ग्रहको चुनावबाट राज्य संरचना बदल्नुपर्ने धारणा पनि राखे । राज्यव्यवस्था असफल भएका बेला नेपालमा एमसीसीको विषय उठाएर राष्ट्र असफल बनाउनेतिर साम्रज्यवादीहरू लागेको नेता कञ्चनको भनाइ थियो । एमसीसी नेपालबाट खारेज गर्नुको विकल्प नभएको भन्दै नेता कञ्चनले ठूलो कमिसनको खेलमा केही पत्रकार, केही राजनीतिक दलका नेता र केही बुद्धिजीवी भन्नेहरूलाई किनेर ... बाँकी पृष्ठ ७ मा

## संसद्वादीहरू नेकपासँग आत्तिएका छन् : प्रकाण्ड




■ **रातोखबर संवाददाता**/दैलेख

नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले आफ्नो पार्टी क्रान्तिकारी र जनताको लोकप्रिय पार्टी बन्दै गएकाले संसद्वादीहरू आत्तिएको बताएका छन् । नेकपा दैलेखको राजनीतिक-वैचारिक प्रशिक्षण कार्यक्रममा सम्बोधन गर्दै प्रवक्ता प्रकाण्डले उक्त कुरा बताएका हुन् ।

पार्टी प्रवक्ता प्रकाण्डले क्रान्ति जित्नका लागि क्रान्तिकारी विचार, राजनीति र नेतृत्वको टिम इमानदार, श्रमजीवी वर्गप्रति प्रतिबद्ध हुनुपर्ने बताए । साथै उनले त्यो टिम ... बाँकी पृष्ठ ७ मा

## यातायात श्रमिकहरू सङ्गठित

**काठमाडौँ** । श्रमिक जागरण अभियानमा जुटेको नेकपा निकट मजदुर सङ्गठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले पछिल्लो समय सङ्गठन निर्माणमा तीव्रता दिएको छ। श्रमिक जागरण अभियान नाम दिएको महासङ्घको उक्त कार्यक्रममा वैज्ञानिक समाजवादी व्यवस्था र श्रमिक अधिकारका निम्ति जनमतसङ्ग्रहको नारा अघि सारिएको छ।

सङ्गठनको बागमती प्रदेश नं. ३ उपत्यका क्षेत्रअन्तर्गत काठमाडौँमा यातायात श्रमिकहरू सङ्गठित भएका हुन् । पुस २४ गते कागेश्वरी मनोहरास्थित काँडाघारीमा चालकहरू सङ्गठित भएका छन् भने २५ गते कलङ्कीमा काठमाडौँ-चितवन सञ्चालित माइक्रोबसका चालकहरूको सङ्गठन निर्माण गरिएको छ । महासङ्घको प्रमुख पेसागत सङ्घ अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घको नवगठित ... बाँकी पृष्ठ ७ मा

## जनतालाई आफ्नो सत्ता आफैँ चुन्ने अधिकार देऊ : पुन



**पुष्पा साउद/कैलाली**

नेकपा निकट अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) कैलालीको चौथो जिल्ला सम्मेलन आइतबार उदयराम थापाको अध्यक्षतामा २३ सदस्यीय जिल्ला समिति गठन गर्दै कैलालीको घोडाघोडी नपा साँढेपानीमा सम्पन्न भएको छ।

उद्घाटन समारोहमा मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि नेकपा केन्द्रीय सदस्य तथा अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घका केन्द्रीय अध्यक्ष ओमप्रकाश पुनले देशलाई कृषिद्वारा आत्मनिर्भर र उद्योगद्वारा समृद्धिको बाटोमा लैजान पार्टीले अघि सारेको वैज्ञानिक समाजवादी बाटोमा अघि बढ्न र जनमतसङ्ग्रहमार्फत जनतालाई आफ्नो सत्ता आफैँ चुन्ने अधिकार प्रदान ... बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र सहिद-बेपत्ता योद्धाहरूको सपना साकार पार्छ : विषम




■ **रातोखबर संवाददाता**/काठमाडौँ

सहिद तथा बेपत्ता योद्धाहरूको सपना पूरा गर्न जनताको व्यवस्था स्थापना गर्न लाग्नुपर्ने एक कार्यक्रममा बोल्ने वक्ताहरूले बताएका छन् ।

जनक्रान्तिका महान सहिद परिवार संगठन, नेपाल केन्द्रीय समिति र राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज नेपाल केन्द्रीय समितिले काठमाडौँमा आयोजा गरेको सहिद तथा बेपत्ता योद्धाहरूको योगदान र राज्यको दायित्व विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले यो व्यस्थाबाट सहिद बेपत्ता ... बाँकी पृष्ठ ८ मा

## साम्यवादी दल र यसका चुनौतीहरू

**देश/परिवेश**

■ सुदर्शन



'.... साम्यवादीहरूले आफ्नो सिद्धान्तलाई केवल एक वाक्यमा यसरी भन्न सक्दछन्- व्यक्तिगत स्वामित्वको उन्मूलन हुनुपर्दछ।'

- मार्क्स, कम्युनिस्ट पार्टीको घोषणापत्र १८४८, नेपालीमा अनुवादक- गोपीरमण उपाध्याय, जनता प्रसारण तथा प्रकाशन मिलिटेडद्वारा प्रकाशित, पृ. ९३ ।

'साम्यवाद ल्याटिन भाषाको शब्द ऋयकगलष्कत बाट आएको हो। ल्याटिन भाषामा साम्यवादको अर्थ सामूहिक भन्ने हुन्छ। साम्यवादी समाज भनेको यस्तो समाज हो जसमा जग्गाजमिन, कलकारखाना आदि सबै कुरा सामूहिक हुन्छन् र सबै मानिस मिलिजुली सामूहिक श्रम गर्दछन्। यो नै साम्यवाद हो।'

-लेनिन, युवा सङ्घका कार्यहरू, १९२०, भ्ला.इ.लेनिन सङ्कलित रचना, भाग ८, नेपाली अनुवादक- राजेन्द्र मास्के, जनसाहित्य प्रकाशन गृह, बुटवल, पृ.२७ ।

आज हामी एकातिर विश्व-साम्यवादी आन्दोलनका सकारात्मक तथा नकारात्मक प्रचूर अनुभवहरूको रासमा छौँ भने अर्कोतिर गम्भीर चुनौतीको भासमा छौँ । नेपाली साम्यवादी आन्दोलनका हकमा पनि यही कुरा सत्य हो । विश्व-साम्यवादी आन्दोलनमा हामीले १८४८ मा मार्क्स र एङ्गेल्सद्वारा कम्युनिस्ट घोषणापत्र लेखिएपछि १९७६ सम्म आइपुग्दा पृथ्वीको आधाभन्दा बढी भूगोल र जनसङ्ख्यामा विजय हासिल गऱ्यौँ । रुसमा जित्यौँ र १५ वटा गणराज्यहरूको सोभियत समाजवादी गणतन्त्र सङ्घ बन्यो । पूर्वीजर्मनी, युगोस्लाभिया, चेकोस्लोभाकिया, रोमानिया, अल्बानिया, बुल्गेरिया, हङ्गेरी, पोल्यान्ड, क्युबा, चीन, मङ्गोलिया, जनगणतन्त्र कोरिया (उत्तरकोरिया), भियतनाम, कम्बोडिया इत्यादि देशहरूमा वैज्ञानिक समाजवादी व्यवस्था लागू भयो । सोभियत सङ्घ र पूर्वी युरोपमा त प्रतिक्रान्ति भइसकेको छ । क्युबा, चीन, जनगणतन्त्र कोरिया (उत्तरकोरिया), भियतनाम र कम्बोडियाले आआफ्नै विशेषताका समाजवादी व्यवस्था चलिरहेको बताएका छन् तर साम्यवादी असलियत (ओरिजिनिलिटी) देखिँदैन । चीन विश्वको दोस्रो अर्थतन्त्र त बन्दैछ तर खुला बजार र सुधारले यसलाई पनि पुँजीवादतिर हिँडाउँदैछ। पहिलो पिँढीका नेताहरू वृद्ध भइसकेपछि दोस्रो पिँढीका नेताहरूले कति धान्न सक्छन् त! भन्ने प्रश्न उठ्न थालिसकेको छ।

... क्रमशः पृष्ठ ३ मा

वर्ष ७, अङ्क २५, पूर्णाङ्क २९५
रातो खबर साप्ताहिक

## सम्पादकीय

# साम्राज्यवादी हस्तक्षेप र दलाल पुँजीवादको राष्ट्रघाती चरित्र

मुलुकको राष्ट्रियता, जनतन्त्र र जनजीविका एकैसाथ सङ्कटमा परेको छ । जबजब दलाल पुँजीवादलाई आफू शक्तिशाली भएको र क्रान्तिकारी, देशभक्त शक्ति कमजोर भएको भान पर्छ, साम्राज्यवादलाई आफ्नो मुलुकमा हस्तक्षेप गर्न आमन्त्रण गर्ने वा त्यसप्रकारको वातावरण निर्माण गर्ने गर्छ । एकातिर अमेरिकी साम्राज्यवादले एमसीसीको राष्ट्रघाती तरबार लिएर नेपालको राष्ट्रियताको घाँटीमाथि झुन्ड्याइरहेको छ र नेपालका राष्ट्रघाती लेन्डुपदोर्जेहरू त्यो तरबार चलाउने ताक छोपेर बसेका छन् भने अर्कातिर निरन्तर नेपालको राष्ट्रियतामाथि धावा बोल्दै आएको भारतीय साम्राज्यवादले नेपालका लिपुलेक, लिम्पियाधुरा, कालापानीलगायत क्षेत्रमा अतिक्रमण बढाएर र अझ सडक विस्तार गर्ने ऐलान नै गरेर नेपालको सार्वभौमसत्तामाथि फेरि धावा बोलेको छ । साम्राज्यवादले नेपाली भक्ति थापा, अमरसिंह थापा, भीमसेन थापा र कृष्ण सेन 'इच्छुक' हरूका देशभक्त सन्तानहरूलाई जिस्क्याइरहेको छ । दलाल पुँजीवादका बुख्याँचा नेपालका शासकहरूको लेन्डुपीकरण निर्लज्ज रूपले बढ्दै गएको छ र उनीहरू भारतीय साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपलाई स्वीकार गर्दै मृत्युको मुखमा पुगिसकेको आफ्नो सत्ता र व्यवस्था टिकाउने अन्तिम कसरत गरिरहेका छन् । नेपालका देशभक्त र क्रान्तिकारी शक्ति र जनताको एउटै आवाज छ- दलाल पुँजीवाद र उसका चुनावी नौटङ्कीलगायत सबै षड्यन्त्र मुर्दावाद !, सबैखाले साम्राज्यवादी अतिक्रमण र हस्तक्षेप मुर्दावाद !! साम्राज्यवादका लाचार छाया दलाल शासकहरू मुर्दावाद !!!

भारतीय साम्राज्यवादले फेरि नेपाली भूमिमाथिको अतिक्रमण बढाउँदै लिपुलेक क्षेत्रमा सडक विस्तार गर्ने ऐलान गरेको निन्दनीय घटनाको देशभक्त तथा क्रान्तिकारी शक्तिहरूले विरोध गरिरहेका छन् । नेकपाले यसको सशक्त विरोध गर्दै सरकारलाई कूटनीतिक पहलबाट साम्राज्यवादलाई पछि हटाउन आह्वान पनि गरेको छ । साम्राज्यवाद सितिमिती विरोध र चेतावनीले टेर्नेवाला देखिँदैन किनकि नेपालका शासकहरू यतिबेला अत्यन्त कमजोर छन् र यिनीहरूलाई जस्तोसुकै अवस्था लाद्न सकिन्छ भन्ने उनीहरूलाई परिरहेको छ । दलाल शासकहरू आफ्नो भविष्य जोगाउन दलाल संसदीय व्यवस्थाका विभिन्न निकायका कथित चुनावको तयारी र घोषणा गरिरहेका छन् । उनीहरूलाई ती चुनावका माध्यमबाट आफ्नो गुम्न लागेको सत्ता जोगाउने र साम्राज्यवादको असली नोकर बनेर अझ केही समय तिनका उद्देश्य, योजना र स्वार्थहरू परिपूर्ति गर्ने ध्याउन्न छ । उनीहरू सबैतिर आफ्ना असली उत्तराधिकारीहरू जन्माउने षड्यन्त्र गरिरहेका छन् । नेपाली जनताले विगतमा झैँ क्रान्तिकारी शक्तिको बलमा उनीहरूका चुनावी नौटङ्की र यसप्रकारका षड्यन्त्रलाई परास्त गर्दै तिनका सपनालाई दिवासपना बनाइदिनेछन् र साम्राज्यवादी चाहनालाई कोरियाली जनताले झैँ परास्त गरिदिनेछन् भन्नेमा मालेमावादीहरूबीच दुईमत हुन सक्तैन । साम्राज्यवादको पछिल्लो हस्तक्षेप र अतिक्रमणका विरुद्ध पनि नेपालका क्रान्तिकारी एवम् देशभक्त शक्तिहरू मोर्चा बनाएर लड्ने र विजयी हुनेमा कुनै द्विविधा छैन ।

साम्राज्यवादले जहिले पनि नेपालका शासकहरू कमजोर भएको बेलामा आफ्ना स्वार्थहरू घुसाएर नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकामाथि धावा बोल्ने र आफ्नो वर्चस्व स्थापित गर्ने गरेको कलङ्कित इतिहास छ । चन्द्रशेखर पाध्याहरूजस्ता कमजोर प्रशासक र स्त्रीलम्पट शासकहरू भएको समयमा राष्ट्रघाती सुगौली सन्धि लादिएको थियो । सन् १९५० र ६५ का असमान सन्धिहरू जनभावना र राष्ट्रहितविपरीत त्यस्तै कमजोर शासकहरूको हातबाट गराइएको थियो । मोहनशमशेर, बीपी र त्रिभुवनहरूजस्ता पामर शासकहरू भएको समयमा २००७ सालमा दिल्ली सम्झौता गराएर देश र जनतालाई पराजित गराइएको थियो । साम्राज्यवादले नेपाली काङ्ग्रेसका मातृकाप्रसाद कोइरालाजस्ता कमजोर र अपत्यारिला शासक भएको समयमा राष्ट्रघाती कोसी सम्झौता, बीपीको हातबाट गण्डक सम्झौता गराएको थियो भने महेन्द्रले निरङ्कुश पञ्चायती व्यवस्था लादेको समयमा कालापानीमा आफ्ना भगौडा सैनिकको क्याम्प राखेको थियो जुन अध्यापि हटेको छैन । त्यस्तै कृष्णप्रसाद भट्टराईजस्ता हलुका र भारतभक्त शासक भएको समयमा नेपालका सम्पूर्ण सीमा नदीलाई साझा नदी गराएको थियो, गिरिजाप्रसाद कोइरालाजस्ता हठी र कमजोर शासकहरू भएको समयमा राष्ट्रघाती टनकपुर सन्धि गराएको थियो भने शेरबहादुर देउवा, माधव नेपाल र केपी वलीहरूजस्ता अवसरवादी, पदलोलुप र सिद्धान्तहीनहरूलाई प्रयोग गरेर राष्ट्रघाती महाकाली सन्धि गराएको थियो । जनयुद्धबत्राट भागेका बाबुरामहरूलाई बिप्पा र प्रचण्डहरूलाई अपर कर्णालीजस्ता सन्धि-सम्झौता गराएर नेपालको राष्ट्रियता र राष्ट्रिय अस्मितामाथि धावा बोलिएका निन्दनीय घटनाहरूकै बीचमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफूअनुकूलका उनै देउवा, पुष्पकमल, माधव नेपाल, बाबुराम भट्टराईहरू नेपालको शासनसत्तामा भएको समय पारेर कालापानीदेखि लिपुलेकसम्म कब्जा गर्दै सडक विस्तार गर्ने ऐलान गरेको छ । देउवाहरू शासनसत्तामा सवार भएको मौसम पारेर साम्राज्यवादले कालापानी, लिपुलेक र लिम्पियाधुरामा फेरि अतिक्रमण बढाएको छ र नेपालको राष्ट्रियता र सार्वभौमसत्तामाथि फेरि गम्भीर धावा बोलेको छ । साम्राज्यवाद नेपालमाथि भौगोलिक रूपमै हस्तक्षेप गरिरहेको छ तर शासनमा बसेका सुतुरमुर्गहरू अझ निर्लज्ज ढङ्गले कहिले सुजाताहरू जन्माउँछन् र नेपालमाथि अतिक्रमण नभएको हल्ला फैलाउँछन्, गोविन्द गौतम र देवनारायण यादवहरूमाथि दमन गर्दै लेन्डुपहरू जन्माउँछन् र उल्टै साम्राज्यवादको भक्तिगीत गाउन लगाउँछन् ।

यतिबेला साम्राज्यवाद फेरि वली र देउवाहरूको घोडा चढेर एकातिर एमसीसी लादिरहेको छ भने अर्कातिर लिपुलेक, लिम्पियाधुरा र कालापानीहरू निलिरहेको छ । त्यस्तै नेपाली लेन्डुपहरू कुखुराचोर स्यालले आकाशतिर चिल देखाएर भुइँको चल्ला कुदाएझैँ दलाल पुँजीवाद टिकाउन संसदीय चुनाव गराउने प्रपञ्च रचिरहेका छन् । यस्तो अवस्थामा देशभक्त नेपाली जनताले राष्ट्रियताको रक्षा, जनतन्त्र र जनजीविकाको रक्षाका लागि साम्राज्यवादका सबैखाले हस्तक्षेप, दलाल पुँजीवादका चुनावी नौटङ्कीलगायत सबैखाले षड्यन्त्रका विरुद्ध बज्र बनेर प्रहार हुँदै दलाल पुँजीवाद र साम्राज्यवाद दुवैलाई एउटै श्वेतवस्त्र ओढाउनु र अन्तिम संस्कार गर्नु अत्यावश्यक बनेको छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# वैज्ञानिक समाजवादी राज्यसत्ता नै किन ?



अमर झाँक्री 'सञ्जीव'

हाम्रो पार्टी नेपालमा वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्न आफ्ना घोषित रणनीति र कार्यनीतिसहित क्रान्तिको मार्गमा निरन्तर अघि बढिरहेको छ । वैज्ञानिक समाजवादी राज्यसत्ता सर्वहारा-श्रमिक वर्गको हितकारी राज्यसत्ता हो जुन राज्यसत्तामा जनताको गाँस, बास, कपास, स्वास्थ्य-शिक्षा र रोजगारी सरकारले आधारभूत आवश्यकताअन्तर्गत सुनिश्चित गरेको हन्छ । कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले आफ्नो जीवनभरको वैचारिक खोज, अध्ययन-अनुसन्धान र सङ्घर्षद्वारा सन् १८४८ मा आविष्कार गरेको कम्युनिस्ट घोषणापत्रका रूपमा प्रकाशन भएको थियो । उक्त कम्युनिस्ट घोषणापत्र प्रकाशनयताका १७३ वर्षका समयहरू वर्गसङ्घर्ष र समाजको रूपान्तरणमा निकै उथलपुथलकारी रहन पुगेका छन् । मालेमावादी दर्शन र सिद्धान्तद्वारा प्रशिक्षित कम्युनिस्ट पार्टीको नेतृत्वमा सर्वहारा-श्रमिक जनता र पुँजीवादद्वारा निर्देशित राज्यसत्ताका बीचमा भीषण वर्गयुद्धले यी दिनहरूमा समाज विज्ञानका क्षेत्रमा वीरता र बलिदानका कैयौँ महत्वपूर्ण इतिहास निर्माण गरिएका छन् । इतिहासदेखि वर्तमानका दिनहरूसम्म पुँजीवाद कि समाजवाद भन्ने बहसहरूले सिङ्गो विश्वलाई दुई ध्रुवमा विभाजित गर्न पुगेको छ । फ्रान्स, सोभियत सङ्घ, कोरिया, चीन, भियतनाम, क्युबालगायत पूर्वी युरोपका दर्जनौँ मुलुकमा एक समय पुँजीवादका विरुद्ध समाजवाद हाबी मात्र भएन, बरु यसले पुँजीवादलाई पनि आफ्नो अस्तित्व रक्षा गर्न समाजवादको पदावली प्रयोग गर्न बाध्य बनायो । आज पुँजीवादी पार्टीहरूले आफ्नो राज्यसत्ताको रक्षाका लागि समाजवादको पदावली प्रयोग गरिरहेका छन् । यो सारतः कम्युनिस्ट दर्शन र सिद्धान्तको विजय हो भने पुँजीवादको पराजय र आत्मसमर्पण हो । वर्तमान दुनियाँमा सिद्धान्त र दर्शनमा पुँजीवादका विरुद्ध विजयी कम्युनिस्टहरू भौतिक रूपले समाजवादी राज्यसत्ता स्थापना गरी आफ्ना वैज्ञानिक विशेषताअनुसार राज्यसत्ता सञ्चालन गर्ने तहमा भने रहेका छैनन् । पुँजीवादको निरन्तर हमला, उनीहरूकै योजनामा परिचालित नक्कली कम्युनिस्ट पार्टी, उनीहरूबीचको संयुक्त गठबन्धन र योजनामा निर्माण गरी कम्युनिस्ट पार्टीका विरुद्ध प्रयोग गरिरहेका दर्शन, अर्थराजनीति, सामरिक र कूटनीतिक विचारका विरुद्ध कम्युनिस्ट दर्शन, अर्थराजनीति, सामरिक र कूटनीतिक विचारको विकासको अभावमा आज कम्युनिस्टहरूले यो अवस्था झेल्नु परिरहेको छ । हाम्रो पार्टीले आजको यो सत्यलाई गहिरो गरी बोध गरेर नै एकीकृत जनक्रान्तिको कार्यदिशा संश्लेषण गरेर प्रयोग गरिरहेको छ । दुनियाँका हरेक वस्तुहरू गतिशील भएकै कारण उनीहरूको अस्तित्व रहेझैँ कम्युनिस्ट पार्टीले पनि आफ्नो विचार-राजनीतिलाई निरन्तर गतिशील रूपमा विकास गरिरहनुपर्छ अनि मात्र आफ्नो वर्गको विजय र विकास सम्भव छ । आज हाम्रो पार्टीले उपरोक्त समस्याको समाधान गर्न कम्युनिस्ट दर्शन र सिद्धान्त अर्थात् मालेमावादको विकासका लागि आठौँ महाधिवेशनद्वारा केही खोज– अध्ययन, अनुसन्धान र संश्लेषणसहित बहसलाई अगाडि बढाइएको छ

आज पुँजीवादले विश्वव्यापी रूपमा विभिन्न रूपका संसदीय पुँजीवादी राज्यसत्ता सञ्चालन गरिरहेको छ । नेपालमा दुई अवधि गरी ४२ वर्ष संसदीय पुँजीवादी व्यवस्था चलिरहेको छ । विश्वव्यापी रूपमा झैँ नेपालमा पनि यसले धनी र गरिबको खाडललाई व्यापक रूपमा बढाएर लगिरहेको छ भने भ्रष्टाचार, महँगी, बेरोजगारी, कालोबजारी, सामाजिक विकृति-विसङ्गति तथा जनउत्तरदायी प्रणालीका विरुद्ध बेथिति बढेको छ । यी समस्याहरू वृद्धि हुनुमा संसदीय दलहरूले एकअर्कालाई दोषारोपण गर्दै जनतालाई भ्रम दिइरहेका छन् । यसका साथै यसप्रकारको समस्याका पछाडि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले पनि एकले अर्कालाई आरोप-प्रत्यारोप गरिरहेका छन् । त्यसप्रकारको दोषारोपण र आरोप-प्रत्यारोपमा केही अंशगत सत्यता रहे पनि सारतः यसप्रकारको समस्याका पछाडि संसदीय पुँजीवादी विश्वव्यवस्था जिम्मेवार रहेको छ । यसको एक मात्र समाधान वैज्ञानिक समाजवादी राज्यसत्ताको स्थापनाद्वारा मात्र सम्भव छ । वैज्ञानिक समाजवादी राज्यसत्तामा सत्ता र जनताका बीचमा कर्तव्य र अधिकारको उचित ढङ्गले बाँडफाँट र संयोजन गर्ने संयन्त्र र परिपाटीको विकास गरिएको हुन्छ र मानव जातिलाई वैज्ञानिक साम्यवादमा लैजानका लागि विचार र विधिको संयोजन र प्रयोग भइरहेको हुन्छ । वर्तमान दुनियाँमा यो कुरा काल्पनिकजस्तो लाग्न सक्छ तर वैज्ञानिक समाजवादमा त्यो कुरा सजीव र जीवन्त रूपमा व्यक्त हुने गर्दछ । यो विगत इतिहासमा समाजवादको अभ्यास गरिएका देशहरूमा प्रयोगसहित प्रमाणित भइसकेको तथ्यमा आधारित रहेको छ ।

दलाल संसदीय राज्यसत्ताका कारण आज हाम्रो देशको अर्थव्यवस्था पूर्णतः वैदेशिक ऋण, सहयोग र विप्रेषणमा आधारित रहेको छ । हाल देशको वैदेशिक ऋण १५ खर्ब ८९ अर्बबराबर रहेको छ । ११ अर्ब बेरुजूका अतिरिक्त राष्ट्रिय उद्योगहरू ध्वस्त भएका कारण देश पूर्णतः परनिर्भर रहेको छ । हाल देशको कुल आयात ९३ प्रतिशत र निर्यात ७ प्रतिशत रहेको वास्तविकताले यो तथ्यलाई प्रमाणित गर्दछ । । हाल नेपालको व्यापारघाटा १४ खर्बभन्दा बढी रहेको छ । देशको यो वर्तमान अवस्थामा के आत्मनिर्भर अर्थतन्त्रसहितको वैज्ञानिक समाजवादी राज्यसत्ताको सञ्चालन सम्भव छ त ? संसद्वादी पार्टीहरूको तर्क के रहेको छ भने हाम्रोजस्तो मुलुकमा वैदेशिक ऋण, सहयोग र विप्रेषणबिना देश चल्न सम्भव नै छैन । वेदेशिक शक्तिकेन्द्रहरूको सहयोगबिना देश चल्न नसक्ने भएकाले उनीहरूको विरोध गर्नु हुँदैन, बरु जे भन्छन् त्यो स्वीकार गर्नु पर्दछ । यसप्रकारको विचारले हामीलाई दास बन्न मात्र सिकाउँछ । दास मनोवृत्तिले दलाल प्रवृत्तिको विकास गराउँछ । अन्ततः यो प्रवृत्तिले आफ्नो सत्ता र शक्तिका लागि देश र जनतालाई वैदेशिक शक्तिकेन्द्रसँग सौदाबाजी गर्न पुग्छ । नेपालमा राज्यसत्ताको नेतृत्व गरिरहेको दलाल संसदीय व्यवस्थाको अन्त्यका लागि हामीले विगतमा ऐतिहासिक र युगान्तकारी जनयुद्धको पहल र नेतृत्व गरेका थियौँ तर दुर्भाग्य ! जनयुद्धका मुख्य नेताहरू प्रचण्ड-बाबुरामहरूको आत्मसमर्पणवाद र विसर्जनवादका कारण जनयुद्धका सम्पूर्ण उपलब्धिहरू गुमेका छन् । शान्तिप्रक्रियापछिका करिब डेढ दशकमा हाम्रो पार्टीले आत्मसमर्पणवाद र विसर्जनवादका विरुद्ध वैचारिक-राजनीतिक सङ्घर्ष, राष्ट्रिय स्वाधीनता तथा जनतन्त्र र जनजीविकाका सवालहरूमा वर्गसङ्घर्षका तमाम प्रक्रियाहरू पार गरेको छ । आत्मसमर्पणवाद र विसर्जनवादविरुद्धको वैचारिक-राजनीतिक सङ्घर्ष, उनीहरूसँग सम्बन्धविच्छेद तथा पार्टी पुनर्गठन, राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविका तथा कैयौँ सामाजिक न्याय र समानताका लागि सङ्घर्षको अगुवाइ, दुई तिहाइ नामधारी कम्युनिस्टहरूको सरकारद्वारा हाम्रो पार्टीका विरुद्ध प्रतिबन्धसहितको दमन, त्यसका विरुद्ध प्रतिरोध सङ्घर्ष हुँदै हामी वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापनाको अभियानमा निरन्तर अघि बढिरहेका छौँ । हाम्रो यो महान् लक्ष्य-उद्देश्यलाई कुनै पनि ताकतले रोक्न सक्नेछैन किनकि हामीले सत्य र अग्रगामी धाराको नेतृत्व गरिरहेका छौँ । राजनीतिक विज्ञानमा जसले सत्य र अग्रगामी धाराको नेतृत्व गर्दछ त्यसको विजय ढिलो वा चाँडो निःसर्त हुने गर्दछ । सामाजिक विज्ञानको नियमअनुसार पनि निःसर्त रूपमा स्थापना हुने वैज्ञानिक समाजवाद आर्थिक रूपले कसरी आत्मनिर्भर हुन सक्छ त ? यो सानो आलेखमा यसै विषयमा सङ्क्षिप्त चर्चा गर्ने कोसिस गरिएको छ ।

भनिन्छ, हामी नेपालीहरू धनी देशका गरिब नागरिकहरू हौँ । हामीसँग मानव जातिका लागि आवश्यक पर्ने कच्चा पदार्थहरू प्रचुर मात्रमा रहेका छन् । तिनको पहिचान, उत्खनन र प्रयोजन गर्दा हामीले पर्याप्त पुँजी केन्द्रित गर्न सक्छौँ जसमा पहिलो हो– जलस्रोत । हामीसँग भएको जलस्रोतबाट हामीले ८३ हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने क्षमता रहेको तथ्याङ्कले देखाउँछ जब कि हामीसँग अहिले जम्मा १८ सय मेगावाट मात्र जलविद्युत् रहेको छ । नेपालको पहिलो जलविद्युत् आयोजना फर्पिङ जलविद्युत् हो जसको उद्घाटन विसं १९६८ जेठ ९ गते भएको थियो । त्यस समयदेखि हालसम्म आइपुग्दा अर्थात् १०० वर्षमा हाम्रो विद्युत् उत्पादन क्षमता हेर्दा निकै नगन्य र न्यून देखिन्छ । अहिले देशमा लोडसेडिङको अन्त्यको घोषणा पनि छिमेकी राष्ट्र भारतबाट विद्युत् आपूर्ति गरेर मात्र सम्भव भएको छ । जलस्रोतका क्षेत्रमा यति धनी भएर पनि अनौठो कुरा त के छ भने गत आर्थिक वर्षमा नेपालले पिउने पानी करोडौँबराबरको खरिद गरेको छ । यसो हुनुको पछाडि के त्यस्तो कारण छ जसले हामीलाई यो अवस्थामा रहन बाध्य बनायो । यसका पछाडि नेपाली शासक वर्गको देशलाई आत्मनिर्भर बनाउने विचार र इच्छाशक्तिको अभाव, वैदेशिक शक्तिकेन्द्रहरूको दबाब तथा देशभित्र जलस्रोतको परिचालनसम्बन्धी अनुभवी जनशक्तिको समस्यालगायत कारणहरू रहेका छन् । हामीले पर्याप्त मात्रामा जलविद्युत् उत्पादन गर्दा उद्योग र यातायात क्षेत्रहरूको सञ्चालनका अतिरिक्त आर्थिक रूपले देशको कायापलट गर्न सक्छौँ । विभिन्न सर्वेक्षणहरूले निकालेको तथ्याङ्कअनुसार हाल नेपालको महाभारत पर्वतशृङ्खलामा मात्र १२/१३ हजार स्काइभेटरहरू बाटो निर्माणका लागि प्रयोग भइरहेका छन् जसले ठूलो मात्रामा बनजङ्गलको विनाश, भूक्षय तथा वातावरणीय प्रदूषण गरिरहेका छन् । हामीले पर्याप्त मात्रामा जलविद्युत् उत्पादन गर्न सक्दा बाटो निर्माणको सट्टा रोपवे निर्माण गरी जङ्गलको विनाश, भूक्षय र वातावरणमा हुने वायु प्रदूषणलाई रोक्न सक्नेछौँ । हामीसँग रहेको तथ्याङ्कको आधा मात्र जलविद्युत् उत्पादन गर्न सक्दा आजको विश्वबजारमा रहेको मूल्यअनुसार वार्षिक अर्बौं रकम आम्दानी हुन पुग्छ जसले नेपालको घरसङ्ख्यालाई सालाखालामा वर्तमान नेपाल सरकारी सेवामा रहेका प्राथमिक तहका कर्मचारीहरूको सेवा-सुविधा वरावर आर्थिक वितरण गर्न सक्ने क्षमता राख्दछ ।

दोस्रो हो जमिन । भनिन्छ, नेपाल कृषिप्रधान मुलुक हो । आजभन्दा पाँच दशक पहिलेसम्म हाम्रो देशबाट चामल, गहुँ, दलहनलगायत खाद्य वस्तुहरू र लत्ताकपडाहरू भारत, बङ्गलादेश, भुटान, तिब्बत, श्रीलङ्कालगायत दर्जनौँ देशमा निर्यात गरिन्थ्यो तर दुर्भाग्य, आज हामीले भारतबाट चामल मात्र वाषिक ३३ अर्बबराबरको, माछा १ अर्ब ८१ करोड १ लाख १६ हजार, मासुजन्य वस्तु १० अर्बबराबरको, फलफूल २ खर्ब तथा तरकारीजन्य २२ अर्ब, ७५ करोड, १५ लाख, ६४ हजारबराबरको आयात गरिरहेका छौँ । यसको मूल कारण जमिनको असमान वितरणप्रणाली, सिँचाइ सुविधाको अभाव, युवा जनशक्तिको विदेश पलायन, किसानलाई दिइने मल-बिउको अभाव आदि कारणहरू मुख्य रहेका छन् । हाल खेतीयोग्य जमिन ३० लाख, ९१ हजार हेक्टरबराबर रहेकोमा २० प्रतिशत धनी किसानको हातमा ८० प्रतिशत र ८० प्रतिशत गरिब किसानको हातमा जम्मा २० प्रतिशत जमिन रहेको देखिन्छ । १० प्रतिशत धनी वर्गले कुल राष्ट्रिय आयको ४० प्रतिशत खर्च गर्दछन् भने १० प्रतिशत गरिब किसानले कुल राष्ट्रिय आयको मुस्किलले जम्मा ३ प्रतिशत मात्र उपयोग गर्दछन् । करिब १३ प्रतिशतको सङ्ख्यामा रहेका श्रमिक समुदायसँग ३ प्रतिशतजति मात्र जमिन रहेको छ । कुल जनसङ्ख्याको झन्डै २५ प्रतिशत मानिस सुकुमबासी रहेका छन् । यसले के बताउँछ भने खास श्रमिक किसानहरूको हातमा नगन्य मात्र जमिन रहेको छ भने धनी किसानका नाममा ठूलो हिस्सा जमिन रहेको छ जुन अनुत्पादक क्षेत्रका रूपमा रहेको छ । त्यस्तै वर्तमान सिँचाइ सुविधा हेर्दा कुल खेतीयोग्य जमिनको २१ प्रतिशतमा मात्र सीमित रहेको पाइन्छ । यसले गर्दा अधिकांश खेती आकाशे मौसमको भरमा हुने गर्दछ । समयमा मौसम सुरु नहुँदा उत्पादन घटिरहेको हुन्छ भने हिउँदे मौसममा त प्रायः जमिन बाँझो नै रहेको हुन्छ ।

त्यस्तै हाल नेपालबाट वैधानिक-अवैधानिक गरी झन्डै ७० लाख नागरिक रोजगारीका लागि विदेश पलायन भएका छन् । यसले गर्दा ग्रामीण क्षेत्रदेखि तराईका समथर भूभागसम्मका खेतीयोग्य जमिनहरू अनुत्पादक रहन पुगेका छन । यसका साथै सरकारले किसानहरूलाई समयमै मलबिउ उपलब्ध गराउन नसक्दा पनि उत्पादन घट्ने गरेको पाइन्छ । विभिन्न खोजअध्ययनका तथ्याङ्कअनुसार नेपालको तराई क्षेत्रको उत्पादनले मात्र देशको कुल जनसङ्ख्यालाई खान पुग्ने खाद्यान्न उत्पादन गर्न सकिन्छ । हाम्रो परिकल्पना के रहेको छ भने वैज्ञानिक समाजवादमा देशलाई खाद्यजन्य वस्तुमा आत्मनिर्भर बनाउन तराई तथा भित्री मधेसमा कृषि उत्पादन, महाभारत पर्वतशृङ्खलामा फलफूल तथा तरकारी उत्पादन र हिमाली क्षेत्रमा पशुपालन तथा फलफूल उत्पादन गर्न सकियो भने हामीलाई अहिलेको जस्तो परनिर्भर हुनु पर्दैन, बरु हामी हाम्रा उत्पादित वस्तुहरू विश्वका विभिन्न देशहरूमा निर्यात गर्नेछौँ ।

तेस्रो हो– खनिजजन्य वस्तु । वर्तमान अवस्थालाई हेर्दा यो क्षेत्र पनि बडो विडम्बनायुक्त अवस्थामा रहेको छ । हाल हाम्रो देशले फलाम मात्र वार्षिक १ खर्ब, ४० अर्बबराबरको भारतबाट आयात गरिरहेको छ जब कि हाम्रो देशमा प्रशस्त फलामका खानीहरू रहेका छन् । दुःखको कुरा त के छ भने पञ्चायती व्यवस्थामा आंशिक रूपमा उत्खनन गरिएका फलामका खानीहरू पनि हाल बन्द गरिएका छन् । अध्ययन तथा खोजकर्ताहरूले बताएअनुसार देशभित्र तामा, कोइलालगायत खानीहरू पनि प्रशस्त रहेका छन । बहुमूल्य धातु सुन त हाम्रो देशका अधिकांश ठूला नदीहरूमा पाइन्छ । दुनियाँमा दुर्लभ रूपमा पाइने युरेनियम पनि हाम्रो देशका विभिन्न भागमा रहेको बताइन्छ । यसले के बताउँछ भने दुनियाँमा पाइने सामान्यदेखि बहुमूल्य खनिजजन्य वस्तुहरू हामीसँग रहेको छ ।

नेपालले अत्यधिक मात्रमा आयात गर्ने वस्तुमा पेट्रोलियम पदार्थ पनि पर्दछ । गएको आर्थिक वर्षमा मात्र नेपालले १ खर्ब ६० अर्ब ५३ करोडबराबरको पेट्रोलियम पदार्थ, डिजेल ९१ अर्ब ९४ करोड, एलपी ग्याँस ३६ अर्ब १५ करोडबराबरको आयात गरेको छ । यी खनिजजन्य वस्तुहरूको उत्खनन गरी प्रशोधन गर्न सक्दा आत्मनिर्भर अर्थतन्त्रको विकाससहित हामीलाई आवश्यक पर्ने आर्थिक पर्याप्त मात्रमा उत्पादन गर्न सकिन्छ ।

चौथो हो– जडीबुटी । हाम्रो देशको महाभारत पर्वतशृङ्खला र हिमाली क्षेत्रमा बहुमूल्य जडीबुटीहरू पाइन्छ । हिमाली क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी यार्सागुम्बा जसलाई जीवनबुटी पनि भनिन्छ । त्यसको सही रूपमा सङ्कलन र परिचालन गर्न सक्दा मात्र देशलाई

... बाँकी पृष्ठ ७ मा

पृष्ठ १ बाट क्रमशः

# साम्यवादी दल र यसका चुनौतीहरू

अर्कोतिर विजयको नजिक–नजिक पुग थालेका चिली, निकारागुआ, इण्डोनेशिया, पेरू, टर्की, फिलिपिन्स, नेपाललगायत देशहरूको क्रान्ति असफल भएको छ। विभिन्न देशका साम्यवादी दलहरू किट्कस्सिएका छन्। अर्को शब्दमा उनीहरू फैलँदै छैनन्, बरु साँघुरिँदै गएका छन्। विजयी वैज्ञानिक समाजवादी देशहरूमा किन प्रतिक्रान्ति भयो? पूँ प्रतिक्रान्ति नभइसकेका र आफ्नै विशेषताको समाजवादी व्यवस्था भनिएका देशहरू किन पुँजीवादतिर अघि बढ्दैछन्? विजयको सन्निकट पुगेका क्रान्तिहरू किन असफल भए? जहाँजहाँ साम्यवादी दलहरू छन्, ती किन किट्कसिँदै छन्, साम्यवादी नामधारी, संशोधनवादीहरू पनि किन चुनावबाटै बढारिँदैछन्? किन ती संशोधनवादीहरू पनि फुटेर टुक्रा–टुक्रा हुँदैछन्। यी सबै प्रश्नहरूको उत्तर खोज्नै पर्दछ। यी प्रश्नहरूको सही जवाफ भेटाउन सक्यौं भने फेरि कहीँ न कहीँबाट साम्यवादमा पुग्ने बाटो पत्ता लाग्नेछ र साम्यवादी आन्दोलन गतिशील हुनेछ।

कार्ल मार्क्सले हामीलाई सिकाउनुभएको छ : 'साम्यवाद भनेको इतिहासको रहस्य समाधान हो र यसले आफ्नो समाधान हुन आफैं जान्दछ।' त्यसकारण साम्यवादलाई आफ्नो लक्ष्य मान्ने साम्यवादी दल स्वयम् समाधान हुनुपर्नेमा समस्या हुने स्थिति बनेको छ। यो स्थितिको अन्त्य गर्नुपर्दछ। अब हामी साँच्चै नै साम्यवादी हौं भने स्वयम् समस्या होइन, बरु समाधान हुन जान्नुपर्दछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साम्यवादी आन्दोलनका समस्याहरू समाधान गर्नुपर्दछ। मानव जातिको सर्वोत्तम व्यवस्थामा पुग्ने बाटोलाई बन्द हुन दिनु हुँदैन। साम्यवादको लक्ष्य राखेर सङ्गठित हुने श्रमजीवी तथा उत्पीडित जनताको अग्रदस्ताले आफ्नो समयका अन्तरविरोधहरू प्रकाशमा ल्याएर तिनको समाधान गर्दै अघि बढ्नुपर्दछ। मार्क्सले आफ्नो समयको पुँजीवादी व्यवस्थाबारे चिरफार गर्नुभयो र त्यसको वैज्ञानिक विकल्प प्रस्तुत गर्नुभयो। परिस्थितिको द्वन्द्वात्मक तथा ऐतिहासिक तरिकाले व्याख्या मात्र गर्नुभएन, बरु त्यसलाई बदल्ने कार्यक्रम पनि तय गर्नुभयो। लेनिनले मार्क्सकै निर्देशनअनुसार आफ्नो देश, काल र परिस्थितिको व्याख्या गर्नुभयो। उहाँले आफ्नो समयमा पुँजीवाद साम्राज्यवादमा विकास भएकाले साम्राज्यवादको सिक्री जहाँ कमजोर छ त्यहीँबाट समाजवादी क्रान्ति हुन्छ भन्ने कुराको अनुसन्धान गर्नुभएको छ। त्यही वस्तुगत परिस्थितिअनुसारको सशस्त्र जनविद्रोहको कार्यदिशा वैज्ञानिक समाजवादको कार्यक्रम बनाउनुभएको छ। माओले आफ्नो समयको चीन र तेस्रो विश्वका देशहरूको व्याख्या गर्नुभएको छ। तेस्रो विश्वमा चीनलगायत देशहरू अर्ध–सामन्ती र अर्ध–औपनिवेशिक अवस्थामा रहेकाले ती देशहरूमा साम्यवादी दलको नेतृत्वमा पुँजीवादी क्रान्ति गरेर मात्र समाजवादमा पुग्न सकिन्छ भन्ने निष्कर्ष निकाल्नुभयो। पश्चिम युरोपलगायत देशहरूमा पुँजीपति वर्गको नेतृत्वमा क्रान्ति भएको थियो जसलाई प्रजातान्त्रिक वा जनवादी क्रान्ति भनिएको थियो। यता चीनमा आइपुग्दा पुँजीपति वर्गले सामन्तवादी वर्गसँग सम्झौता गरिसकेको थियो। पुँजीवादी क्रान्ति पुँजीपति वर्गले अब गर्न नसक्ने भएकाले यो क्रान्ति गर्ने जिम्मेवारी पनि साम्यवादी दलको काँधमा आइपुग्यो। यो क्रान्तिलाई माओले नयाँ जनवादी क्रान्तिको नाम दिनुभयो। यो नयाँ अन्तरविरोधको नयाँ समाधान थियो। त्यसकारण माओले अर्ध–सामन्ती र अर्ध–औपनिवेशिक देशमा गरिने क्रान्तिको कार्यदिशा दीर्घकालीन जनयुद्ध बन्यो। अब हामीले के कुरा खोजी गर्ने निष्कर्ष निकाल्नु पर्दछ भने विजयी वैज्ञानिक समाजवादमा किन प्रतिक्रान्ति भयो, विजयको सन्निकट क्रान्तिहरू किन असफल भए? साम्यवादी दलहरूले यो समस्याको समाधान गर्न चाहन्छन् भने मार्क्स, लेनिन र माओले जस्तै वर्तमान पुँजीवादी विश्व र त्यसले आआफ्नो देशमा पारेको प्रभावबारे अनुसन्धान गर्नैपर्दछ। यसको साथै आफ्नो देशको ऐतिहासिक विकासको बिन्दुलाई पनि ठम्याउन सक्नुपर्दछ ताकि कार्यदिशा सही ढङ्गले निर्धारण गर्न सकियोस्।

त्यसकारण आज एउटा साम्यवादीले के कुरा राम्रोसँग मनन गर्नुपर्दछ भने सतही अध्ययनले निगम साम्राज्यवादलाई ढाल्ने कार्यदिशा र कार्यक्रम बनाउन सकिँदैन। हामीलाई एकतर्फी होइन, चौतर्फी अध्ययनको आवश्यकता छ। निगम साम्राज्यवाद नयाँ–नयाँ रूपका विचारधारा, राजनीतिक कार्यक्रम, आर्थिक योजनाहरू, सांस्कृतिक विषयहरू, विज्ञान–प्रविधिको उपयोगलाई आफ्नो नियन्त्रणमा राख्दै र धार्मिक रूढिवादलाई नयाँ–नयाँ रूपमा प्रस्तुत गरेर आइपुगेको छ। त्यति मात्र होइन, विज्ञान र प्रविधि जोडेर युद्धका विभिन्न रूपहरू अपनाइरहेको छ। विचारधारात्मक रूपमा निगम साम्राज्यवादीहरूले जतिसुकै भ्रम दिने कोसिस गरे पनि असफल हुँदै गएका छन्। हामीलाई के थाहा छ भने सोभियत सङ्घको विघटनपछि उत्तरआधुनिकतावादी दर्शन ल्याउन खोजे। त्यसका साथै एकध्रुवीय विश्व–राजनीतिक व्यवस्था र नवउदारवादी अर्थव्यवस्थालाई विश्वव्यापी बनाउन खोजे र अझै पनि त्यसलाई अघिअघि बढाइरहेका छन्। उनीहरूले वैज्ञानिक समाजवादी व्यवस्थामा आएको प्रतिक्रान्तिलाई इतिहासको अन्त्य बताएका थिए भने 'उदारवादी लोकतन्त्र' लाई सदावहार सामाजिक व्यवस्था बताएका थिए। तर ११ सेप्टेम्बर २००१ मा अमेरिकाको जुम्ल्याहा गगनचुम्बी महल भत्किएपछि र चीनले विश्वअर्थतन्त्रमा आफ्नो अग्रता हासिल गर्दै गएपछि उत्तरआधुनिकतावादी दार्शनिकहरूको सपनाको महल त्यही जुम्ल्याहा गगनचुम्बी महलझैं भत्कियो। आज विज्ञान र प्रविधिमा जुन क्रान्ति भएको छ त्यसलाई फेरि निगम पुँजीपति वर्गले रहस्यमय बनाउँदैछ। विज्ञान र प्रविधिद्वारा तयार भएको कम्प्युटर प्रविधि, त्यसद्वारा तयार भएको रोबट मानव आदिको विकासलाई लिएर यो स्वचालीकरणभन्दा मानवमस्तिष्क पछि परिसकेको होहल्ला गरिरहेका छन्। कम्प्युटर प्रणाली र रोबट मानवलाई सञ्चालन गर्ने मानिसको हात छैन र यो मानिसको नियन्त्रणमा पनि छैन भन्ने हल्ला गरिरहेका छन्। यसबारे आफ्नो पुस्तक 'कणिकाहरू र दर्शनशास्त्र सङ्कटमा' को एक ठाउँमा आमले राजीमवाले भनेका छन्, 'मस्तिष्क र सफ्टवेयरबीचको अन्तर र विभाजन रेखा छिट्टै लोप हुँदैछ। त्यसैले निकट भविष्यमै यो दुई बीचको भिन्नता छुट्याउन हामी असमर्थ हुनेछौं।' मैले पूर्वलिखित एउटा आलेखमा यो उद्धरण उद्धृत गर्दै भनिसकेको छु, यो 'पदार्थ लोप भयो' भन्ने मार्क्सवादीहरूकै नयाँ संस्करण हो। श्री राजीमवाले जस्ता मानिसहरूले 'मस्तिष्क र सफ्टवेयरबीचको अन्तर र विभाजनरेखा हटाएर सफ्टवेयरमार्फत हुने स्वचालीकरणको कारक के हो भनी प्रश्न उठाउँदैछन्। निगम साम्राज्यवादीहरूले यसको जवाफमा परमात्मालाई प्रस्तुत गर्नेछन्। आखिर सफ्टवेयरको अन्वेषक र यसको प्रयोगकर्ता त मानिस नै त हो। मानिसको दिमाग पदार्थको उच्चतम् विकास भन्ने कुरा पनि मालेमावादले धेरै पहिले नै पुष्टि गरिसकेको छ।

उत्तरआधुनिकतावाद वास्तवमा सोभियत सङ्घ र पूर्वी युरोपमा विभिन्न रङका संशोधनवादीहरूको साम्यवादविरोधी क्रियाकलापलाई शुन्यवादमा पुऱ्याउने पुँजीवादी निस्कर्ष थियो। ज्याक डेरिडा ज्याक्केल फूको स्वयं भूतपूर्व मार्क्सवादी थिए। तिनको निराशाको अभिव्यक्तिलाई अमेरिकाली पुँजीवादी विद्वान् फ्रान्सिस फुकुयामाले उत्कर्षमा पुऱ्याइदिए। उनले सोभियत सङ्घको विघटन भएको र पूर्वी युरोपमा प्रतिक्रान्ति भएको कुरालाई इतिहासको अन्त्य भएको र अमेरिकाली उदार लोकतन्त्रको विजय भएको अर्थ लगाए। पछि उनले त्यसमा पश्चाताप गरेको कुरा उनका पछिल्ला लेखोटहरूमा आएको छ। अर्थशास्त्री सामिर अमिनका अनुसार युरोपमा पुनर्जागरण आन्दोलनसँगै जन्मेको उदारवाद दोस्रो विश्वयुद्धपछि पुँजीवादी 'नयाँ सिद्धान्त' बन्यो र सोभियत सङ्घको विघटनपछि यसले नवउदारवादी अवतार लियो। यो नवउदारवादले समाजवादी सामूहिकताको स्थानमा व्यक्तिवाद घुसाउने मौका पायो। उदारवादीहरूले के झूटो प्रचार गर्न थाले भने अन्ततः मानिसलाई व्यक्तिगत स्वतन्त्रता चाहिन्छ भन्ने कुरा सोभियत सङ्घ र पूर्वी युरोपका साम्यवादीहरूको समाजवादी सत्ता विघटनले राम्रोसँग देखाएको छ। अन्ततः उदारवादी प्रजातन्त्र नै सही र अजरअमर छ जसले व्यक्तिगत स्वतन्त्रता प्रदान गर्दछ। हामीले सोभियत सङ्घ र पूर्वी युरोपका घटनाहरूबाट के तथ्य भेट्टाएका छौं भने स्टालिनको मृत्युपछि सोभियत सङ्घ साम्यवादी दलको नेतृत्व र पूर्वी युरोपका नेताहरू व्यक्तिवादी हुँदै गएकाले नै त्यहाँको समाजवादी व्यवस्था विघटन भएको हो। सन् १९५६ देखि नै सोभियत सङ्घ कम्युनिस्ट पार्टी र सोभियत समाजवादको विघटन सुरु भइसकेको थियो। यसको नाङ्गो पतन गोर्भाचोभको 'ग्लास्नोस्त' र 'प्रेस्त्रोइका' मा गएर भएको थियो। त्यो वास्तवमा साम्यवादी खोलभित्र रहेको पुँजीवादकै विघटन थियो। त्यसपछि सोभियत सङ्घको छायामा रहेका पूर्वी युरोपेली देशहरू समाजवादमा विघटन भएको थियो। त्यसकारण यो साम्यवादको विघटन थिएन, बरु साम्यवादमाथि भ्रम छर्ने पुँजीवादी चाल थियो। १९५६ पछि सोभियत सङ्घ र अमेरिकाबीच, पूर्वी जर्मनी र पश्चिम जर्मनीबीच केही फरक थिएन। पहिलोले साम्यवादी दोसल्ला ओढेका थिए र दोस्रोले सीधै पुँजीवादी। सारमा दुवै पुँजीवादी थिए। सारमा दुवै उदार पुँजीवादमै थिए।

आखिर उदारवाद के हो? यो प्रश्नको हामीले राम्रोसँग खोजबिन गरेर मात्र हामी आजको पुँजीवाद बुझ्न सक्दछौं। यो वास्तवमा पुँजीवादी व्यवस्थाको अर्थनीति हो तर यो आज पुँजीपति वर्गको दर्शनशास्त्र भइसकेको छ। यो पुँजीपति वर्गको विधिशास्त्र तब हुन्छ जब यसलाई उदार प्रजातन्त्र भनिन्छ। यसबारे जेरुसेलमको हिब्रु विश्वविद्यालयमा इतिहासका व्याख्याकार रहेका युभल नोह हरारी भन्छन् : (१) म अविभाज्य छु– अर्थात् मसँग एकल सारतत्व छ जसलाई कुनै पनि अंशहरूमा वा उपप्रणालीहरूमा विभाजन गर्नै सकिँदैन। वास्तवमा यो भित्री केन्द्र कैयौं बाह्य पत्रहरूले बेरिएको हुन्छ। मैले बाहिरी बोक्राहरू उप्काउने प्रयत्न गर्दछु भने मभित्रैको गहिराइमा स्पष्ट र एकल आवाज पाउनेछु जुन मेरो आधिकारिक निजत्व हो। (२) मेरो आधिकारिक निजत्व पूर्ण रूपले स्वतन्त्र छ। (३) पहिला दुई मान्यताहरूबाट हेर्दा यसले के कुरालाई पछ्याउँछ भने मसम्बन्धी कुराहरू मैले नै जान्न सक्दछु, अरू कसैले जान्न सक्तैन। मेरो स्वतन्त्रताको भित्री स्थानमा मेरा लागि मात्र पहुँच रहेको छ। यसकारण उदारवादले व्यक्तिलाई यति धेरै प्राधिकार प्रदान गर्दछ। मेरो छनोटका लागि म अरू कसैलाई पनि विश्वास गर्न सक्तिनँ किनभने म को हुँ, कसरी अनुभूति गर्दछु र के चाहन्छु भन्ने कुरा अरू कसैलाई थाहा हुन सक्तैन। यसैले गर्दा मतदाताले सर्वोत्तमलाई जान्दछ, ग्राहकले सधैं सही छान्दछ र हरेक व्यक्तिको आँखामा सुन्दरता भिन्नाभिन्नै हुन्छ।'

(युभल हरारी, भोलिको सङ्क्षिप्त इतिहास, लेखकद्धारा नै अङ्ग्रेजीमा अनुदित, २०१६ मा हार्विल सेकर लन्डनद्वारा प्रकाशित, पृ. ३२८, पहिलोपटक इजरायलस्थित हिब्रुमा प्ललभचभत श् भ्थयचब( द्यतबल ॅखच्ह द्वारा २०१५ मा प्रकाशित)

उल्लिखित उद्धरणको व्याख्या गरिरहनुपर्ने देखिँदैन, बरु माथि उद्धृत उद्धरणको उनी आफैंले कसरी खण्डन गरेका छन्, हेरौं :

'तथापि जीवन विज्ञानले यी तीनवटै मान्यतालाई चुनौती दिन्छ। जीवन विज्ञानका अनुसार : १) जीवहरू परिकलन प्रक्रिया हुन् र मानवहरू व्यक्तिगत हुँदैनन् ती 'विभाजन' हुन्छन्, अर्थात् मानव एकल भित्री आवाज वा एकल निजत्वहीन कैयौं भिन्न परिकलनहरूको एकत्व हो। (२) परिकलन प्रक्रियाले मानवलाई स्वतन्त्र बन्न दिँदैन। ती वंशाणु र वातावरणीय दबाबबाट बनेका हुन्छन् अनि तिनले कि त सुनिश्चित ढङ्गले वा अन्धाधुन्ध ढङ्गले निर्णयहरू लिन्छन् तर स्वतन्त्र ढङ्गले होइन। (३) यसले के कुरा अनुशरण गर्दछ भने बाह्य परिकलनले सैद्धान्तिक रूपमा मैले स्वयम्लाई जान्न सक्नुभन्दा अझ बढी राम्रोसँग जान्न सक्नेछ। एउटा परिकलन जसले हरेक प्रणालीको के परीक्षण गर्दछ भने मेरो शरीर र मस्तिष्कलाई तुलना गरेर म को हुँ, कसरी अनुभूति गर्दछु र के चाहन्छु भन्ने कुरा ठ्याक्कै जान्न सक्नेछ। यसप्रकारको परिकलन प्रक्रियाले एकपटक विकसित भएपछि मतदाता उपभोक्ता, सौन्दर्यद्रष्टालाई प्रतिस्थापन गर्न सक्नेछ। अनि परिकलनले सर्वोत्तम बुझ्नेछ, परिकलन सधैं सही हुनेछ र सौन्दर्य परिकलनका हिसाबहरूमा हुनेछ।' (उही, पृ. ३२९)

परिकलन प्रक्रिया (बनियचष्तजm) भनेको खास समस्या समाधान गर्ने बेला अपनाइने नियमशृङ्खला हो। परिकलन प्रक्रिया भनेको के हो? यसबारे स्वयम् हरारी भन्दछन्, 'परिकलन भनेको तार्किक रूपले हाम्रो संसारमा सबभन्दा महत्वपूर्ण एकल अवधारणा हो। हामी हाम्रो जीवन र भविष्यलाई जोड्न चाहन्छौं भने परिकलन के हो र यो भावनासँग कसरी जोडिएको छ भन्ने कुरा बुझ्न हरप्रयत्न गर्नुपर्दछ। परिकलन भनेको पाइलाहरूको विधिगत शृङ्खला हो जसलाई हिसाब निकाल्न, समस्याको समाधान गर्न र निर्णयमा पुग्न उपयोग गरिन सक्दछ। परिकलन भनेको ठोस हिसाब होइन, बरु हिसाब गर्दा अनुसरण गरिने विधि हो।' (उही, पृ.८३)

साधुवाद छ! हरारी महोदयलाई जसले उदारवादको सारतत्वका रूपमा रहेको निजत्वलाई उप्काएर सबैले देख्ने गरी राखिदिनुभयो। मेरो धेरै वर्षदेखिको प्रश्नलाई पनि समाधान गरिदिनुभयो। उहाँ साम्यवादी होइन तर हामीले उहाँका कृतिहरू 'मानव जातिको सङ्क्षिप्त इतिहास' र 'भोलिको सङ्क्षिप्त इतिहास' पढ्नै पर्दछ जसले इतिहासमा भौतिकवादी द्वन्द्ववादको विस्तार गरेर उदारवादी पुँजीवादको चिरफार गर्दै साम्यवादी व्यवस्थामा कुनै गति तीव्र बनाउन सक्दछौं। पुँजीपति वर्गको उदारवादी र नवउदारवादी प्रजातन्त्र भनेको वैज्ञानिक समाजवाद र साम्यवादका विरुद्ध रहस्यपूर्ण भ्रमको खेती रहेछ। आखिर उदारवादको विश्लेषण गर्दा मभित्र मैले मात्र कुरा गर्न सक्ने अविभाज्य निजत्व छ, त्यो आधिकारिक निजत्व पूर्ण रूपले स्वतन्त्र छ। म को हुँ, कसरी अनुभूति गर्दछु र के चाहन्छु भन्ने कुरा अरू कसैले जान्दैन। मभित्रको त्यो कुरा म मात्र जान्दछु तर जीवन विज्ञानका अनुसार मानव जीवांश र वंशाणुहरूले बनेको हुँदा अविभाज्य होइन, बरु विभाज्य हुन्छ। त्यति मात्र होइन, यो समाज र प्राकृतिक वातावरणमा बस्ने भएकाले समाज र प्रकृतिका नियम उल्लङ्घन गरेर स्वतन्त्र हुँदैन। नदीको नियम नजानेको मानिस नदी तर्छु भनेर मनमौजी ढङ्गले नदीमा पस्यो भने मृत्यु अवश्यम्भावी छ। त्यसकारण उदारवाद प्रकृति र समाजको नियमविपरीत छ। व्यक्तिको निजत्व अरूले बुझ्न सक्तैन भन्नु स्वयम् धार्मिक रूढिवाद र अधिभूतवादी आदर्शवाद हो। सारमा उदारवाद भनेको वैज्ञानिक समाजवाद र साम्यवादको बाटो छेक्न अघि सारिएको पुँजीवादको व्यक्तिवादी व्यवस्था हो। निजी सम्पत्तिलाई बचाउन ल्याइएको दर्शन, राजनीति र अर्थतन्त्र हो। साम्यवादीहरूले यो कुरा बुझ्न परिकलन प्रक्रियाको हिसाब बुझ्नुपर्दछ। यसले थुप्रै तथ्यहरूको अध्ययन गरेर सत्यमा पुग्न मद्दत गर्नेछ। एउटा मानिसभित्र रहेको निजत्वलाई अरू कसैले नबुझ्ने सिद्धान्तका रूपमा आएको सामूहिक सम्पत्तिको लुटाहा नै उदारवाद वा नवउदारवाद हो। यही सिद्धान्तअन्तर्गत आजको निगम साम्राज्यवाद अति केन्द्रीकृत र अति एकाधिकारवादी भएको छ। यही सिद्धान्तले नै विकेन्द्रित उत्पादन र केन्द्रीकृत वितरण प्रणाली बनेको छ। विज्ञान र प्रविधिको आविष्कारलाई उदारवादी निजत्वले आफ्नो इच्छामुताबिक निजी सम्पत्तिका रूपमा नियन्त्रण गरी उत्पादक शक्तिमा जोडेको छ। यसले गर्दा उत्पादन वृद्धि भएको छ तर निजी नाफाको कारणले भोकानाङ्गा भोकानाङ्गै भइरहने प्रक्रिया झन् बढिरहेको छ। असमानताको खाडल गहिरो हुँदै गएको छ। उदारवादकै कारणले जसको हातमा सम्पत्ति रहेको छ उसको हातमा राजनीति र राज्यसत्ता भइरहेको छ। त्यसकारण पुँजीवादी निरङ्कुश र फासिस्ट निजत्वको विचारधारा उत्तरआधुनिकतावाद र उदारवादको प्रतिस्थापन गर्न हामीले द्वन्द्वात्मक भौतिकवादी दर्शन, समाजवादी राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादी व्यवस्थाको विकास गर्नुपर्दछ। वर्तमान परिस्थितिलाई बुझ्ने र बदल्ने कामद्वारा नै भावी विचारधारा, अर्थनीति र राजनीतिलाई विकास गर्न सकिनेछ।

विजयी वैज्ञानिक समाजवादी व्यवस्थामा प्रतिक्रान्ति र विजयको सन्निकट क्रान्तिको असफलताको कारण के हो? यसबारे थोरै विमर्श गरौं। निष्कर्ष निकाल्ने प्रयत्न गरौं। पहिलो कुरा, साम्यवादी पार्टीको सदस्य हुने भनेको व्यक्तिगत सम्पत्ति घटाउँदै लगेर व्यक्तिगत सम्पत्तिको अन्त्य गर्ने र सामूहिक सम्पत्ति बढाउँदै लगेर योग्यताअनुसार समाजलाई दिने र आवश्यकताअनुसार लैजाने हो। यो साम्यवादी पार्टीको सदस्य बन्ने आधारभूत सर्त हो। तर सोभियत सङ्घ, पूर्वी युरोपलगायत साम्यवादीहरूले स्टालिनको मृत्युपछि व्यक्तिगत सम्पत्ति बढाउँदै लगेर सामूहिक सम्पत्ति विघटन गर्दै गए। दोस्रो कुरा, एक साम्यवादी सदस्यले साम्यवाद नआएसम्म वर्गसङ्घर्ष जारी राख्नुपर्छ। मार्क्सले वैज्ञानिक समाजवाद स्थायी क्रान्तिको उद्घोष भन्नुभयो। लेनिनले साम्यवादी त्यसलाई भन्नुभयो जसले वर्गसङ्घर्षलाई सर्वहारा अधिनायकत्वसम्म विस्तार गर्दछ। माओले यसलाई सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति भन्नुभयो। समाजवादी देशको नेतृत्व गरेका कैयौं देशका नेता तथा कार्यकर्ताले वर्गसङ्घर्ष र निरन्तर क्रान्ति भुसुक्कै बिर्से। व्यक्तिगत सम्पत्तिले गर्दा उनीहरूले वर्गसङ्घर्ष बिर्सँदै गए। प्रतिक्रान्ति र असफल क्रान्ति दुवैमा यी कारण स्पष्ट देखिन्छन्। तेस्रो कुरा, साम्यवादी पार्टी निर्माण गर्नु र त्यसको सदस्य हुनुको अर्थ आफ्नो समयको देश, काल र परिस्थितिलाई सही ढङ्गले बुझ्नु र तदनुरूपको कार्यदिशा र कार्यक्रम विकास गर्नु हो। मार्क्सले आफ्नो समय र देशको परिस्थिति बुझ्नुभयो र संसार बदल्ने कार्यदिशा र कार्यक्रम बनाउनुभयो। यसरी नै क्रमशः लेनिन, माओ, हो चि मिन्ह, किम इल सुङ र फिडेल क्यास्ट्रोले। यसका लागि हामी मालेमावादको रक्षाका नाममा जडसूत्रवादी र सिर्जनशीलताका नाममा संशोधनवादी हुनबाट बच्न जरुरी छ। त्यसकारण सम्पन्न क्रान्तिमा प्रतिक्रान्ति र विजयनिकट क्रान्तिमा असफलताको कारण एकातिर मालेमावादको मूलपाठलाई अध्ययन नगर्नु तथा अर्कोतिर समय र परिस्थितिअनुसार यसको विकास नगर्नु हो। चौथो कुरा, साम्यवादी दलका नेता र कार्यकर्ताहरूले आफ्नो पार्टीलाई अटुट प्रेमका साथ माया गर्दै खेतीबालीजस्तै गोडमेल गरिरहनुपर्दछ। साम्यवादी दल भनेको उत्पीडित जनताको अग्रदस्ता हो र जनताको शासक होइन, बरु सेवक बन्नुपर्दछ। हामी त्यसका कार्यकर्ताहरूले पार्टीलाई मैत्रीपूर्ण आलोचना र आत्मालोचनाद्वारा बनेको हुनाले शोषक र शोषित दुवै वर्गका गुण र अवगुण बोकेर उनीहरू आएका हुन्छन्। एकता–सङ्घर्ष–रूपान्तरणको प्रक्रियाबाट मात्र साम्यवादी दल शोषित–उत्पीडित श्रमजीवी वर्गको अग्रदस्ता बन्न सक्छ। पार्टीमा स्पष्ट रूपले विचारधारात्मक तथा राजनीतिक कार्यसूचीमा बहस हुनु नराम्रो होइन, बरु यो त 'वादे–वादे जायते तत्व बोधः' हो। हाम्रो आलोचना र आत्मालोचना पार्टीभित्र रूपान्तरणको उद्देश्यले होइन, बरु व्यक्तिगत स्वार्थ र प्रतिष्ठाका लागि कचिङ्गल भयो भने साम्यवादी दलमा विघटन हुनेछ र वैज्ञानिक समाजवादमा प्रतिक्रान्ति तथा विजयको सन्निकट क्रान्ति असफल हुनेछ। यसकारण साम्यवादी दलरूपी खेतीबालीमा गोडमेल गर्दा मूलबाली नष्ट नहोस् र विषालु झारपात उखेल्ने नाममा मूलबाली नउलेलियोस् भन्ने कुरामा विशेष ध्यान दिनैपर्दछ। पाँचौं कुरा, यदि साम्यवादी दलमा फलामे अनुशासन भएन भने पनि प्रतिक्रान्ति हुन्छ। हामीले विश्वमा विभिन्न देशका साम्यवादी दल तिनले नेतृत्व गरेको वैज्ञानिक समाजवादी व्यवस्थामा भएको प्रतिक्रान्ति तथा विजयको सन्निकट रहेका देशहरूको असफल क्रान्तिलाई गहिरिएर पढ्यौं भने तिनको मुख्य कारक साम्यवादी दलभित्रै रहेको छ, बाहिर होइन। लेनिन, स्टालिन, मोलोतोव, कालिनिन, स्वर्दलोव र किरोव इत्यादि साम्यवादी नेताहरू रहेको सोभियत सङ्घ साम्यवादी दल (वोल्शेकि) भित्रैबाट ट्राट्स्की, बुखारिन, कामेनेभ, जिनोवेभ र ख्रुश्चेभहरू जन्मे। पहिले साम्यवादी दलमा प्रतिक्रान्ति भयो र त्यसपछि त्यो राजनीतिक व्यवस्था सोभियत समाजवादी गणतन्त्र सङ्घमा। नेपालमा विजयको सन्निकट पुगेको क्रान्ति असफल हुनुको कारण मूल नेता प्रचण्डको साम्यवादी सिद्धान्तबाट विचलन भइ पुँजीवादी पुष्पकमल दाहालमा पतन हुनु हो। अनुशासन भनेको आखिर धैर्यता पनि हो। अप्ठ्यारोमा आत्तिनु र सजिलोमा मात्तिनु निम्न पुँजीवादी अधैर्यता हो। निम्न पुँजीवादी अधैर्यताले नै अनुशासन र नैतिकताका मान्यताहरू उल्लङ्घन हुन्छन्। वर्गीय अनुशासन भएन भने पुँजीवादी तथा निगम पुँजीवादी सङ्घातीपत्यवादी अराजकतावादले हालीमुहाली कायम गर्दछ। अनुशासन विहीन साम्यवादी दलभित्र नै दुश्मनका गुप्तचरहरू घुस्न सक्दछन्। साम्यवादी अनुशासन कसैद्वारा लादिने कुरा होइन, बरु एउटा साम्यवादी सदस्यको आत्म अनुशासन हो। आत्मानुशासन नभएको उत्पीडित वर्गबाट आएको व्यक्ति साम्यवादी हुनै सक्तैन। आत्मानुशासित हुने भनेको दब्बू दास हुने भनेको पनि होइन। साम्यवादी पार्टीमा आफ्ना विचारहरू खुलस्त राख्नु र राख्ने वातावरण तयार पार्नु तथ्यबाट सत्य पत्ता लगाउनु, जनताबाट लिएर जनतालाई नै दिने जनसेवक नै आत्मानुशासित साम्यवादी नेता र कार्यकर्ता हो।

अब हामीले साम्यवादी र साम्यवादी भनिएका पार्टीहरूभित्र रहेका गुट–उपगुट र विचार समूहहरूको समस्या कसरी समाधान गर्ने? यो नेपाली साम्यवादी आन्दोलन र विश्व साम्यवादी आन्दोलनमा रहेको अत्यन्त गहिरो प्रश्न हो। हरेक देशमा स्थापना काललाई हेर्दा एउटै साम्यवादी दल हुन्छ। विभिन्न आन्दोलन र घटनाक्रमहरूलाई लिएर वादविवाद हुन्छ। त्यो विवाद चुलिएर यति उचाइमा पुग्दछ कि साम्यवादी दलभित्र अनेक समूह बन्न थाल्दछन् र अन्ततः विभिन्न समूहमा विभाजन हुन्छन्। विभाजित समूहहरूमध्ये एकले अर्कालाई विभिन्न दोषारोपण गर्दछन्। आफू खाँटी क्रान्तिकारी भएको र अर्कोचाहिँ दक्षिणपन्थी वा वामपन्थी अवसरवादी भएको आरोप लगाउँछन्। कालान्तरमा क्रान्तिकारी भनिएका भित्रबाट पनि दक्षिणपन्थी अवसरवादी निस्कन्छन् र दक्षिणपन्थी अवसरवादी भनिएकाहरूबाट पनि वामपन्थी क्रान्तिकारी निस्कन्छन्। वामपन्थी क्रान्तिकारी भनिएकाहरूले मार्गनिर्देशक सिद्धान्त मालेमावाद, पार्टी सञ्चालनको विधि जनवादी केन्द्रीयता, कार्यदिशा र कार्यक्रम मिल्यो भनेर एकता गर्दछन् भने दक्षिणपन्थी अवसरवादी भनिएकाहरू यसरी नै अर्को दलमा एकीकृत हुन्छन्। जुनजुन समूहहरू, जुनजुन प्रवृत्तिमा मिलेर एकताको घोषणा कार्यक्रम राख्दछन् उनीहरूले टेलिभिजनका क्यामेराहरू अगाडि अत्यन्त गर्वका साथ एउटा नेताले अर्को नेताको कुनै कसर बाँकी नराखेर प्रशंसा गर्दछन् र एकअर्कालाई न्यानो अँगालोमा कस्दछन् तर केही महिनापछि त्यो

... बाँकी पृष्ठ ७ मा

वष{ ७, अङ्क २५, पूणf{ª\s @(% रातो खबर साप्ताहिक

# महिला आन्दोलनबारे महिला साथीहरूसँग छलफल



बन्धु चन्द

"हामीले इतिहास भुल्नु हुँदैन । २००७ सालको क्रान्तिले एकदलीय जहाँनियाँ राणा शासनको अन्त्य गर्‍यो र प्रजातन्त्रको स्थापना गर्‍यो । त्यो क्रान्तिमा महिलाहरूले पनि सहभागिता जनाएका थिए । पढ्ने, लेख्ने, बोल्ने र दल खोल्ने अधिकार पाएको त्यो समयमा महिलाहरूले भोट हाल्ने अधिकार पाएका थिए ।"

गत वर्ष बाजुरा जिल्लाको रुमिन गाउँकी विपन्न परिवारकी दलित महिला सप्पा नेपालीले गरिबी र भोकमरीकै कारण आफ्ना चार सन्तानसहित कवाडी खोलामा हामफालेर ज्यान गुमाएको घटना र दैलेख राकमकी सुबी बडुवालले घरेलु हिंसाको पीडा सहन नसकी आफ्ना चार सन्तानसहित कर्णाली नदीमा हामफालेर ज्यान गुमाएको घटना स्थानीय र राष्ट्रिय स्तरका पत्रपत्रिकामा निकै चर्चाका विषय बने ।

महोत्तरी जिल्लामा भर्खरै झवसी ठाकुर र सनैतादेवी ठाकुरलाई धामी र बोक्सी भन्दै मलमूत्र खुवाई कुटपिट गर्दै गाउँ निकाला गरेको खबर छ ।

निर्मला र भागीरथीजस्ता सयौँ चेलीको बलात्कार र हत्याको चित्कार करिब दिनप्रतिदिन गुन्जिरहन्छन् ।

म कैलाली कारागारमा राजबन्दीका रूपमा रहँदा त्यहाँ कैदीबन्दीका रूपमा रहेका महिलाहरूलाई बन्दी हुनुको कारण सोध्दा एकजना ६० वर्ष आसपासकी दिदीले भक्कानिँदै आफ्नो पीडा सुनाइन्, 'मानसिक रोगी आफ्नी बुहारीले आत्महत्या गर्न लागेको देखेर पासो लगाएको डोरी काटिदिएँ बचाउनलाई तर बुहारी बाँचिन । उसका माइतीले मेरो कसुर ठानी मलाई जेल हाले । १० वर्ष भयो, मुद्दा सर्वोच्चमा पेसी छ । न फैसला हुन्छ, न त मेरो मुद्दा लडिदिने कोही छ । मैले कहाँ गएर न्याय पाउने ?'

सार्वजनिक गाडीहरूमा यात्रा गर्दा महिला सिट लेखिएको ठाउँमा बसेको पुरुषलाई उठाउन खोज्दा वरपरका पुरुषहरूको समेत एकमुष्ठ आवाज घन्किन्छ, 'बराबरी अधिकार खोज्नेले किन छुट्टै सिट र विशेष सुविधा खोज्ने ?'

एउटा सार्वजनिक कार्यक्रममा सहभागी एकजना महिलाले मञ्चतिर हेर्दै टिप्पणी गरिन्, ' मञ्चमा त एकजना महिला पनि छैनन् ए ।'

एक दिन एकजना शिक्षित महिला साथीले फोनमा जिज्ञासा र प्रश्न गर्दै भनिन्, 'दिदी तपाईं त महिला सङ्गठनकी अध्यक्ष । राजनीतिक पार्टी वा तिनका आङ्गिक वा जनवर्गीय सङ्गठनहरूको प्रमुखमा महिलाहरू किन पुग्न सक्दैनन् ?'

महिला साथीहरू

यी प्रतिनिधिमूलक घटना, पीडा, आक्रोश, जिज्ञासा र प्रश्नहरू तपाईंहाम्रा व्यक्तिगत अनुभव र अनुभूति मात्र होइनन्, यी त वर्तमान समाजका ऐना हुन् । तपाईंहाम्रो जीवन मात्र होइन, लाखौँकरोडौँ महिलाहरूको जीवनका सूची हुन् । जब अखबारका पानामा यस्ता सूची दैनिक रूपमा पढ्नुपर्छ, टेलिभिजनका पर्दा र सामाजिक सञ्जालका भित्ताहरू यिनै कुराले सधैँ रङ्गिएको देख्नुपर्छ । हाम्रो मनमस्तिष्कमा ठूल्ठूला भोल्टका करेन्ट लाग्न थाल्छन् । आफैँले निर्माण गरेका आदर्श, मूल्य-मान्यताहरू भत्किएर आफैँले खनेको राजनीतिक गोरेटोमा पहिरो गई त्यही पहिरोमा थिचिएको अनुभूति हुन्छ कहिलेकहीँ । महिला हुनुको नाताले महिलाको जीवन बदल्नुपर्छ भन्ने मान्यता राख्नुका कारण यस्ता विषयप्रति संवेदना जाग्नु अन्यथा पनि होइन । तर हाम्रो समाजको अर्को पाटो पनि छ सुन्दरताको उज्यालो पाटो । हामीले हाम्रो जीवनको, समाजको र राजनीतिक व्यवस्थाको दुवै पाटोलाई केलाएर हेर्नुपर्छ, समीक्षा गर्नुपर्छ, सहीलाई सही र गलतलाई गलत भन्ने, नराम्रोको विरोध गर्ने, राम्रोको अनुसरण गर्ने ल्याकत पनि राख्नुपर्छ । आज म तपाईंहरू सङ्गठनका साथीहरू र महिलासम्बन्धी सरोकार राख्ने साथीहरूसँग केही विषयमा छलफल गर्न खोज्दैछु ।

साथीहरू, हामी समाज बदल्ने सुन्दर सपना बोकेर सङ्घर्षको मैदानमा निःस्वार्थ हामफालेका मान्छे हौँ । हामफाल्नुभन्दा पहिले नै हामीले देखेका र अनुभूति गरेका थियौँ, विद्यमान समाजमा हाम्रो (महिलाको) अवस्था सामाजिक संरचनाको सतहमा छैन । पिँधमा छ । पिँधको विशेषता सबै भार थेग्ने हो अर्थात् सबै सहने हो । विज्ञानको नियम यस्तो छ, जब सतहको भारलाई पिँधले थेग्न सक्तैन त्यतिबेला भूकम्प जान्छ, ज्वालामुखी फुट्छ अनि सतहको स्वरूप बदलिन्छ । मानव समाजमा बेलाबेला आउने भूकम्प वा ज्वालामुखी नै आन्दोलन र क्रान्ति हुन् जसले सामाजिक संरचनामा परिवर्तन ल्याइदिन्छ र नयाँ मान्यतासहितको संरचना स्थापित हुन्छ ।

मानव समाजमा जति बेलादेखि महिलाहरूले पिँधको भूमिकामा रहनुपर्‍यो त्यति बेलादेखि नै विभिन्न खालका भूकम्प अर्थात् आन्दोलनहरू पनि हुँदै आएका छन् । ज्वालामुखी फुट्ने अर्थात् सतह बदल्ने क्रान्ति भने कहिलेकहीँ मात्र हुने गर्छन् । त्यस्ता क्रान्तिले युग नै बदल्ने गरेका छन् ।

हामीले बुझ्नुपर्छ, महिलामाथिको शोषण, दमन, उत्पीडन, विभेद, अन्याय, अत्याचार नै महिला आन्दोलनका आधार हुन् । समाजमा त्यसो हुँदैनथ्यो भने आन्दोलनको आवश्यकता पनि पर्ने थिएन । मानव हुनुको नाताले एउटै विशेषताका प्राणीहरूमा जुन खालको विभेदको रेखा कोरियो त्यसले नै महिलाहरूलाई समानता, स्वतन्त्रता र मुक्तिको खोजी गर्ने चेतनाको विकास गर्‍यो । आजपर्यन्त त्यो चाहनाको खोजी गर्ने सङ्घर्ष जारी छ । इतिहासतिर फर्केर हेर्ने हो भने के कुरा प्रमाणित हुन्छ भने समयसमयमा बदलिएको मानव समाजको संरचनामा महिला उत्पीडनका रूपहरू बदलिएका छन् तर सार उस्तै छ- शोषण र दमनकारी । यही बुझेर नै हामी आन्दोलनमा समाहित छौँ ।

हामी अहिले २१ औँ शताब्दीको विज्ञान र प्रविधिको युगमा छौँ । यो युगसम्म आइपुग्दा मान्छेले हिजो कल्पनै गर्न नसक्ने चिजको विकास गरेको छ । विज्ञानको विकासले एकातिर मान्छेले जीवनलाई कल्पनै गर्न नसक्ने गरी सरल र सुलभ बनाइदिएको छ भने अर्कोतिर विज्ञान र प्रविधिको पहुँचबाट टाढा रहेका मानिसहरू एक छाक खान नपाएर, शरीर ढाक्ने कपडा नपाएर मरिरहेका छन् । त्यति मात्र होइन, मङ्गलग्रह र चन्द्रमामा बस्ती बसाल्ने सोचाइमा पुगेको मान्छेको चेतना एकातिर छ भने अर्कोतिर नरबली दिएर धर्म कमाउने अचेतना पनि छ । एउटै पृथ्वीमा बसेका मानिसहरूको अवस्था र चेतनामा किन यति ठूलो खाडल छ ? हामीले गम्भीरतापूर्वक अध्ययन गर्नुपर्दछ । त्यसका पछाडि धेरै कारणहरू छन् तर सबैभन्दा महत्वपूर्ण कारण भनेको मान्छेले गरेको सङ्घर्ष र मेहनत हो । जहाँका मानिसहरूले कडा मेहनत र सङ्घर्ष गरे त्यहाँ विकासले फड्को मार्‍यो । विज्ञानको आविष्कार भयो । जहाँका जनताले मेहनत र सङ्घर्ष गर्न सकेनन्, त्यहाँको समाज पछि पर्‍यो र अन्धविश्वास अनि रूढिग्रस्त बन्दै पछाडि पर्‍यो ।

नेपाल विज्ञानप्रविधि र विकासको हिसाबले पछि परेको देश हो । त्यसको प्रत्यक्ष प्रभाव हाम्रो समाज र महिलाहरूको जीवनमा परेको छ । त्यसैले त हामी उन्नत चेतना निर्माण गर्ने आफ्नो समाज र देशलाई समृद्ध बनाउने अभियानमा जुटेका छौँ ।

हामी गाउँसहर पुग्दा डुल्दा वा दिदीबहिनीहरूसँग भलाकुसारी गर्दा थुप्रै प्रश्नहरू आउँछन् । कसैले समस्याको पोको फुकाउँछन् त कसैले पीडाको । कसैले न्याय माग्छन् त कसैले सहयोग । कसैले आक्रोश पोख्छन्, अहिलेसम्म लडेर के पायौ ? पटकपटकको आन्दोलनले नेपाललाई के दियो ? त्यत्रा मान्छे मरेर के उपलब्धि भयो ?

हामीले धैर्यपूर्वक आमदिदीबहिनीको कुरा सुन्नुपर्छ, दुःख बुझ्नुपर्छ र इतिहासबारे सत्यतथ्य बताइदिनुपर्छ ।

नेपालमा विगत लामो समयदेखि विभिन्न खालका आन्दोलनहरू हुँदै आएका छन् । खासगरी राजनीतिक आन्दोलन नेपालको सामाजिक आर्थिक आन्दोलनको अगुवा हो समाजका हरेक समस्याहरू राजनीतिक व्यवस्थासँग जोडिएका हुन्छन् । त्यसैले समाजको अवस्था परिवर्तन गर्न व्यवस्था परिवर्तन हुनुपर्छ । त्यसैका लागि मान्छेहरू राजनीतिक आन्दोलनमा लाग्छन् ।

यो कुरा सत्य हो- हरेक आन्दोलन वा क्रान्ति उथलपुथलपूर्ण हुन्छन् । क्रान्तिमा आँट, साहस वीरता र विवेकको खाँचो हुन्छ । त्यसले त्याग, समर्पण र बलिदानको माग गर्दछ । यो सबै प्रक्रिया पूरा गरेर मात्र क्रान्तिले सार्थकता पाउँछ । क्रान्तिमा वा आन्दोलनमा कायम गरिएका कीर्तिमानहरू उत्सर्ग र बलिदानको प्रेरणाले नै क्रान्तिपछिको समाज निर्देशित र प्रेरित हुन्छ ।

हामीले इतिहास भुल्नु हुँदैन । २००७ सालको क्रान्तिले एकदलीय जहाँनियाँ रणा शासनको अन्त्य गर्‍यो र प्रजातन्त्रको स्थापना गर्‍यो । त्यो क्रान्तिमा महिलाहरूले पनि सहभागिता जनाएका थिए । पढ्ने, लेख्ने, बोल्ने र दल खोल्ने अधिकार पाएको त्यो समयमा महिलाहरूले भोट हाल्ने अधिकार पाएका थिए ।

३० बर्से पञ्चायतकाल एकदलीय निरङ्कुश शासन व्यवस्था थियो । त्यो व्यवस्थामा नागरिक अधिकारमाथि प्रतिबन्ध लगाइएको थियो । जनताले त्यो व्यवस्था रुचाएनन् र आन्दोलन गरे । त्यसको परिणामस्वरूप २०४६ सालमा बहुदलीय व्यवस्था स्थापना भयो । २०४६ सालको आन्दोलनमा पनि महिलाहरूले सक्रिय भूमिका मात्र निर्वाह गरेनन्, बलिदानसम्म दिए । यो आन्दोलनको .उपलब्धिस्वरूप स्थापना भएको संसदीय व्यवस्थाले महिलालाई भोट हाल्ने मात्र होइन, जनप्रतिनिधि चुन्न-चुनिन पाउने अधिकारको सुनिश्चितता गर्‍यो । २०४७ सालको संविधानले चुनावमा भाग लिने पार्टीहरूले कम्तीमा ५% महिला उम्मेदवार उठाउनुपर्ने प्रावधान राख्नु यसैको उपज थियो । तर तत्कालको परिस्थितिमा यो उपलब्धिमूलक भए पनि यसको प्रभाव आममहिलाहरूमा पुग्न सकेन । सीमित उच्च वर्गका महिलाहरू मात्र यो अधिकार प्रयोग गर्ने तहमा थिए ।

२०५२ सालमा सुरु भएको जनयुद्ध मात्र यस्तो आन्दोलन हो जसले सहरका गल्ली गल्लीदेखि गाउँका दूरदराज बस्तीहरूमा रहेका महिलाहरूलाई नेपाली महिलाहरूको वास्तविक स्थिति बोध गराउँदै आफ्नो अधिकारका लागि लड्न प्रेरित गर्‍यो । समाजका विद्यमान लैङ्गिक विभेद, आर्थिक असमानता, सामाजिक, सांस्कृतिक उत्पीडनजस्ता अन्यायका विरुद्ध सशक्त सङ्घर्ष मात्र होइन, ती विभेदहरूलाई संरक्षण गर्ने राज्यसत्ताविरुद्ध बन्दुक बोकेर लड्ने साहससमेत प्रदान गर्‍यो । त्यो आन्दोलनले नेपालको राजनीतिमा महिलाको भूमिकालाई जबर्जस्ती स्थापित मात्र गरेन, राज्यसत्ताका हरेक अङ्गमा महिलाको अनिवार्य उपस्थिति वा सहभागिताको सुनिश्चितता गर्‍यो । राष्ट्रपति र उपराष्ट्रपतिमा एकजना महिला हुनुपर्ने, गाउँपालिका, नगरपालिकाहरूमा प्रमुख-उपप्रमुखमा १ जना महिला हुनुपर्ने, सदनमा ३३% महिला हुनुपर्ने, सेना, प्रहरी र कर्मचारी संयन्त्रमा महिला कोटा निर्धारण आदि यो आन्दोलनको उपलब्धि हो ।

महिला आन्दोलनमा लागेर के पाएँ वा के पायौँ भन्नेहरूलाई यो आन्दोलनको सापेक्षित उपलब्धि हो भनेर राम्ररी बुझाउनुपर्छ हामीले र हामी आफैँले पनि आफूले गरेको कर्मप्रति गर्व गर्नुपर्छ । इतिहासका यी कुराहरूलाई बुझ्न-बुझाउन र मनन गर्न सकेनौँ भने हामी आफैँ पछि पर्छौँ, कसैले पछि पार्नै पर्दैन ।

यी उपलब्धि हुँदाहुँदै पनि हामी निरन्तर आन्दोलन र क्रान्तिमै छौँ । कतिपयले कुरा उठाउँछन्, त्यत्रो जनयुद्ध लडेर पुगेन, अझै कति आन्दोलन गर्ने हो ? देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र आयो, महिला प्रतिनिधित्वका कुरा आए, अब अरू के चाहियो ?

महिला साथीहरू, हामीहरू अब विगतबाट वर्तमानमा फर्कनुपर्छ हाम्रो समाजको जमिनी यथार्थमा टेक्दै आधार र उपरिसंरचनाको अवस्थालाई नियाल्दै प्रश्नका जबाफ खोज्ने र यथास्थितिमा प्रश्न गर्ने आँट गर्नुपर्दछ ।

हामीले भन्न सक्नुपर्छ, हो हामीले जनयुद्ध लड्यौँ, जनआन्दोलन गर्‍यौँ । त्यसले नेपालमा राजतन्त्र ढाल्यो तर सामन्तवाद ढाल्न सकेन । त्यसले दलालहरूको लोकतन्त्र ल्यायो, जनताको जनवाद ल्याउन सकेन । त्यसले सम्भ्रान्तहरूको पुँजीवाद ल्यायो, श्रमिकहरूको समाजवाद ल्याउन सकेन । त्यसले जातीय विभाजन ल्यायो, राष्ट्रिय एकता ल्याउन सकेन । त्यसैले यो बदल्नका लागि हामी आन्दोलनमा छौँ, क्रान्तिमा छौँ । हाम्रो लक्ष्य पूरा नहुन्जेल हामी निरन्तर अघि बढिरहन्छौँ ।

जहाँसम्म महिला अधिकार र प्रतिनिधित्वको कुरा छ, राज्यको उपरिसंरचनामा केही नीतिगत सम्बोधन भए पनि त्यसको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन । आधारभूत वर्गका महिलाको त कुरै छोडौँ । त्यसो हुँदो हो त माथिका घटना, पीडा, जिज्ञासा, प्रश्न र गुनासा उठ्ने नै थिएनन् ।

हामीले यतिचाहिँ भन्न सक्छौँ- हामीले ल्याएको लोकतन्त्रले, गणतन्त्रले हामीलाई बोल्ने र प्रश्न गर्ने अधिकार दिएको छ, त्यसैले हामीले जबाफदेही निकाय (जो आन्दोलनका उपलब्धिलाई कार्यान्वयन गर्ने ठाउँमा छन्) लाई बारम्बार प्रश्न गरेका छौँ, गाँस, बास, कपास र खाद्य सम्प्रभुताको ग्यारेन्टी भएको देशमा सच्चा नेपालीहरू कहिलेसम्म भोकै मर्नुपर्ने हो ? सुकी बडुवालहरूले कहिलेसम्म कर्णालीमा हामफालेर मर्नुपर्ने हो ? नागरिक सुरक्षा र सुशासन कायम गर्ने भनिएको देशमा निर्मला र भागीरथीहरूले कहिलेसम्म न्याय पाउने हुन् ? बोक्सी, दाइजो र एसिडका कारण कतिले ज्यान गुमाइरहनुपर्ने हो ? पेट पाल्नकै लागि र दैनिक गुजारा टार्नकै लागि देहव्यापार र विदेशका कोठी र गल्लीहरूमा हाम्रा दिदीबहिनीहरूले कहिलेसम्म बेचिनुपर्ने हो ? ठूलाबडा र पैसावालहरू जस्तोसुकै अपराधमा पनि उन्मुक्ति पाउने तर निर्दोष, निमुखाहरूले सजायको भागीदार बनिरहनुपर्ने अवस्थाको अन्त्य कहिले हुन्छ ?

त्यस्तै हाम्रासामु खडा भएका प्रश्नहरू महिलाको नेतृत्व विकास र समानुपातिक प्रतिनिधित्वको कुराप्रति हाम्रा गम्भीर बन्नै पर्दछ र उत्तर दिने अवस्था सिर्जना गर्नै पर्दछ । यी प्रश्नहरू हाम्रा मात्र प्रश्न होइनन्, आम महिला र जनताका प्रश्न हुन् । यी प्रश्न ओठे जबाफका लागि पनि होइनन् । यी त समाधानका लागि हुन्, घटना नदोहोर्‍याउनका लागि हुन् । हामीले बुझ्नुपर्दछ, प्रश्न आफैँमा आन्दोलन पनि हो । जब जबाफदेही निकायले प्रश्नको बेवास्ता गर्छ वा जबाफ दिने ल्याकत राख्दैन तब त्यो ठूलो आवाजका साथ सडकमा पोखिन्छ अनि बृहत् अन्दोलनका रूपमा बदलिन्छ । आन्दोलन त्यस्तो चीज हो जो सुरुमा प्रश्न बोकेर उभिन्छ, जबाफ खोज्छ, जबाफ नपाए विद्रोह गर्छ अनि विकल्प बोकेर आउँछ । विकल्पले समाज परिवर्तन गर्छ ।

हामीले पनि प्रश्नहरूलाई आन्दोलनमा बदल्नुपर्छ र बदलिरहेका पनि छौँ । तर जबाफदेही निकाय चुपचाप छ मानौँ केही भएकै छैन । यो अवस्थाले आमजनताको चेतना जबाफ खोज्ने होइन विकल्प सोच्ने स्तरमा पुगेको छ ।

आजदेखि महिला साथीहरूले जिज्ञासा राख्नुहुन्छ, यो अत्याचारको विकल्प के हो ? अब हामीले के गर्नुपर्छ ?

यस सन्दर्भमा लेनिनको भनाइ निकै महत्वपूर्ण छ, 'राज्य व्यवस्था जति धेरै जनवादी हुनेछ, मजदुरले त्यति नै अवधि स्पष्टताका साथ देख्न सक्नेछन् कि खराबको जड अधिकारको अभाव होइन, पुँजीवाद हो ।' अहिलेको हाम्रो राज्य व्यवस्था र हाम्रो जीवनपद्धतिले ठ्याक्कै यही कुराको बोध गराएको छ । हिजो सामन्तवादले महिलालाई घरेलु दास बनायो । त्यसबाट छुट्कारा पाउन विद्रोह गरेका महिलालाई दलाल पुँजीवादले सडकमा बेवारिस छोडिदिएको छ । अहिले महिलामाथि भइरहेका हत्या, हिंसा, बलात्कार, श्रमशोषण, विभेदजस्ता अत्याचार यही परि स्थितिका उपज हुन् । दलाल पुँजीवादको रूपमा ठूल्ठूला अधिकार र स्वतन्त्रताको कुरा गर्छ सारमा नयाँ भेषको गुलाम र खेलौना बनाउँछ । त्यसैले अहिलेको आवश्यकता महिलाहरूको दासत्वपूर्ण जीवनको अन्त्य, स्वाधीन, आत्मसम्मान र आत्मनिर्भरतासहितको स्वतन्त्रता हो । पुँजीवादी व्यवस्थाबाट यो सम्भव हुँदैन ।

हामीले सम्पूर्ण दिदीबहिनीहरूलाई भन्नुपर्छ, तपाईंको समस्याको कारण तपाईं मात्र होइन, तपाईंहाम्रो जीवनलाई निर्देशित गर्ने दलाल पुँजीवादी राज्य व्यवस्था हो । उसलाई मानवीय मूल्यको केही अर्थ लाग्दैन, फगत पैसाको लागि जे पनि गर्छ । यही दुष्चक्रमा परेर कयौँ महिलाहरूको जीवनलीला समाप्त भइरहेको छ ।

यी सबै समस्याको एक मात्र विकल्प भनेको दलाल राज्यव्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादको स्थापना हो । वैज्ञानिक समाजवाद त्यस्तो प्रणाली हो जहाँ गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, यातायात र सञ्चार जनताको मौलिक अधिकारभित्र पर्दछ र त्यसलाई राज्यले ग्यारेन्टी गरेको हुन्छ । यो व्यवस्थाको मुख्य उद्देश्य न्याय, शान्ति, स्वतन्त्रता र समानताको प्रत्याभूतिसहितको मानव समाज निर्माण गर्ने हुँदा अहिलेका विकृति विसंगतिहरू क्रमशः हट्दै जानेछन् र सुन्दर सभ्य मानव समाजको निर्माण हुँदै जानेछ । त्यही व्यवस्थामा मात्र महिलाहरूले आफ्नो वास्तविक अधिकार र स्वतन्त्रताको प्रयोग गर्न सक्नेछन् ।

साथीहरू, हामीले आम महिलाहरूलाई वा श्रमजीवी जनताहरूलाई समाजवादको सपना देखाउने मात्र होइन, त्यसलाई प्राप्त गर्न हामीले के गर्नुपर्छ भन्ने कुरा पनि बुझ्नु, बुझाउनु र सिकाउनुपर्छ । त्यसका लागि निम्न कुरा महत्वपूर्ण छन् ः

पहिलो, समाजमा महिलाविरुद्ध हुने हर प्रकारका विभेद, उत्पीडन, शोषण, दमन, अन्याय, अत्याचारका विरुद्ध निरन्तर सङ्घर्ष गर्दै महिला र पुरुषबीचको विभेदको अन्त्य गर्दै समानताको मूल्य स्थापित गर्ने ।

दोस्रो, महिलाहरूले आफ्नो राजनीतिक अधिकारको प्रयोग भन्दै महिलालाई नै दास बनाउने दलाल संसदीय व्यवस्था र तिनका दलाल प्रतिनिधि चुन्ने चुनावमा मत दिने गल्ती नगर्ने, बरु व्यवस्था चुन्ने जनमतसङ्ग्रहमा आफ्नो मताधिकारलाई प्रयोग गर्ने र आफ्नो अधिकार सुनिश्चित हुने वैज्ञानिक समाजवादमा मत जाहेर गर्ने ।

तेस्रो, समाजवाद निर्माणका लागि उत्पादन कार्यमा सहभागी भई श्रम र सिर्जनाको विकास गर्ने, समयलाई अधिकतम सदुपयोग गर्दै अध्ययन, लेखन, अनुसन्धान, सङ्गठन र सङ्घर्षमा नियमित क्रियाशील हुने ।

हाम्रो लगन, मेहनत र कर्मले मात्र समाजवादको ढोका खोल्न सकिन्छ । उन्नत र वैज्ञानिक समाजवादले मात्र महिलाहरू स्वतन्त्रता र मुक्तिको प्रत्याभूति दिन सक्छ ।

अन्त्यमा, समाजवादी नेत्री क्लारा जेट्किनको यो भनाइ निकै सान्दर्भिक छ, 'सामन्तवादमा महिलाहरू पुरुषको दास हुन्छन् भने पुँजीवादमा रोजगार प्रबन्धकको दास हुन्छन् । वास्तवमा पुँजीवादको अन्त्य र समाजवादको उदयबिना नारी जातिको मुक्ति सम्भव छैन ।'

# अमेरिकी लोकतन्त्रको यथार्थ र एमसीसी



नरबहादुर कार्की

## पृष्ठभूमि

विश्वमा लोकतन्त्रको रक्षक र प्रवर्तकका रूपमा अमेरिका र उसका रणनीतिक साझेदारहरू एक खालको भ्रामक विश्वदृष्टि निर्माण गर्दै आएका छन् । अमेरिकी भाष्यको लोकतान्त्रिक अभ्यास, आर्थिक प्रणाली र संस्कृतिलाई बलात् र हठात् रूपमा अङ्गीकार गर्नु नै कुनै पनि देशमा लोकतन्त्रको प्रत्याभूति हुनु हो भन्ने साम्राज्यवादी दबदबा कायम नै छ। अमेरिकी लोकतन्त्रको पैठारी र त्यसको स्वीकार्यतालाई आधार मानेर साझेदारी वा दूरी निर्धारण गर्ने अमेरिकी मानकका कारण विश्वका कैयन देशहरूले 'अमेरिकाबिना' को विश्व नै शान्तिपूर्ण विश्व भन्ने खालको बुझाइ विकास गरिरहेका छन् । यसप्रकारको वैचारिक दासता अनि राजनीतिक र सांस्कृतिक अतिक्रमणले स्वयम् अमेरिकी नागरिकप्रतिको सम्मान धराशायी भएको छ । यस्तैमा सन् २००४ देखि विकास भएको अमेरिकी रणनीतिक परियोजना एमसीसी विश्वभर विवादको घेरामा परेको छ भने धेरै देशका जनताले यसलाई अस्वीकार गरेका छन । यसै सन्दर्भमा हामीले नेपालमा 'अमेरिकी लोकतन्त्रको यथार्थ र एमसीसी' बारे प्रकाश पार्नु जरुरी भएको छ।

सन् २००१ सेप्टेम्बर ११ को आतङ्ककारी हमलापछि अमेरिकाको विश्व-मामला र नीतिमा केही नयाँ निर्क्योलहरू निकालिएका थिए । विश्वको गरिबी नै आतङ्कवादको जड कारण हो भन्ने मान्यता स्थापित गर्दै गरिबी निवारणका लागि लगानी भन्ने आवरणमा विकास भएको थियो । यिनै निर्क्योललाई कार्यरूप दिन एमसीसी (Millennium Challenge Corporation) ले आफ्ना रणनीतिक सर्तहरू अग्रीम कबोल गराएर लगानी गर्ने संरचना निर्माण गऱ्यो । नेपालले सन् २०११ देखि नै यस रणनीतिक परियोजनाको प्रापकका रूपमा एमसीसीसमक्ष आवेदन तथा द्विपक्षीय संवाद अगाडि बढाएको देखिन्छ । सन् २०१७ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका कार्यवाहक प्रमुख जोनाथन जी नासले हस्ताक्षर गरे । हाल आएर नेपाली देशभक्त जनताको ठूलो प्रतिरोध र अस्वीकारको अवस्थामा पुगेको उक्त सम्झौतालाई संसद्बाट पारित गर्ने र नेपाल र नेपाली जनताको सार्वभौम सत्तालाई निस्तेज गर्ने प्रपञ्चसम्म यो विवादित सम्झौता आइपुगेको छ।

## लोकतन्त्र

सरकारको स्वरूप चित्रण गर्नका लागि प्रयोग हुने शब्द 'लोकतन्त्र' लाई अन्य पर्यायवाची शब्दहरू प्रजातन्त्र, जनतन्त्र, जनवादजस्ता विविधतामा बुझ्न सकिन्छ। ग्रिक शब्द डेमोस र कर्तोस अर्थात् जनता र शासन 'जनताको शासन' भन्ने यसको शाब्दिक अर्थ हुन जान्छ तर लोकतन्त्रको परिभाषा यसरी शाब्दिक रूपमा मात्रै गरेर यसले वैश्विक मान्यता प्राप्त गर्न सक्दैन। नाम मात्रको लोकतन्त्र, प्रतिनिधिको चुनावमा सीमित लोकतन्त्र, आवधिक निर्वाचनमा सहभागिताजस्ता असमानता र उत्पीडनलाई नजरअन्दाज गर्ने तहका लोकतान्त्रिक मान्यताले विश्वका बहुसङ्ख्यक जनताका लागि अभिशापप्रायः सिद्ध हुँदै गएको पाइन्छ। खासगरी कम्युनिस्ट दर्शनमा आधारित लोकतन्त्रले 'जनवाद' र बुर्जुवा लोकतन्त्र (पुँजीवादी प्रजातन्त्र) बीचमा धेरै भिन्नता छन् । कम्युनिस्टको दृष्टिकोणले साँचो लोकतन्त्रमा बहुसङ्ख्यक जनताको प्रत्यक्ष नियन्त्रण र उत्पीडित वर्गको सत्तामाथिको नियन्त्रण र शासनलाई लोकतन्त्र (जनवादी) व्यवस्था मान्ने गर्दछ जब कि उदारवादी र अमेरिकी ब्रान्डको लोकतन्त्रले असमानतालाई संस्थागत गर्ने र अमानवीय पुँजीवादी अभ्यासलाई प्रश्रय दिन्छ । यसप्रकारको असमानता र आर्थिक शोषणमा आधारित लोकतन्त्र जसले बहुसङ्ख्यक जनतालाई नाम मात्रको अधिकार र आवधिक निर्वाचनमा सहभागितालाई नै सर्वोपरि अवसरका रूपमा व्याख्या गर्दछ, वास्तविकतामा भन्ने हो भने राज्यसत्ताको सम्पूर्ण नियन्त्रण मुठीभर दलाल नोकरशाही, दलाल पुँजीपति र सामाजिक दलालहरूको हातमा हुने गर्दछ। तसर्थ लोकतन्त्रको दुहाइ दिने साम्राज्यवादी शक्तिहरूसँग उनीहरूको आफ्नै देशमा समेत जनताहरू चरम असन्तुष्टि र शोषण-उत्पीडनमा परेका छन् ।

## अमेरिकी लोकतन्त्र र भ्रमहरू

जनताको हातमा शासन छ भनिए पनि अमेरिकाले वकालत गर्ने लोकतन्त्रभित्र जनता आर्थिक शोषण, राजनीतिक र सामाजिक दलालहरूको चङ्गुलबाट मुक्त छैनन् बरु बहुसङ्ख्यक जनताहरू आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक शोषणले ग्रस्त छन् । रङभेद, वर्गविभेद र व्यक्तिको सांस्कृतिक अधिकार कुण्ठित हुँदै गएको छ।

## निगम पुँजीवादको सेवा

अमेरिकी लोकतन्त्रको हृदयमा मुठीभर पुँजीपतिहरूको सेवा र उनीहरूको रक्षा गर्नु नै सत्ताको धर्म भएको छ । एक प्रतिशतभन्दा कम पुँजीपतिहरूको नियन्त्रणमा २७ प्रतिशत राष्ट्रिय पुँजी केन्द्रीकृत हुनु र यस्ता निगम तथा व्यापारीका स्वार्थ, लगानी र प्रवर्तनबाट सत्तामा प्रतिनिधि आउने र जाने भएकाले अमेरिकी लोकतन्त्र निगम पुँजीवादको सेवकमा मात्र सीमित देखिन्छ । सरकारमा जोसुकै आए पनि प्रायोजित पात्रका रूपमा नियन्त्रित, सञ्चालित र प्रभावित भइराख्ने ढाँचामा अमेरिकी लोकतन्त्र पुगेको छ । हाल आएर अमेरिका पुँजीको चरम केन्द्रीकरण 'पुजीपतिहरूले पुँजीका लागि गर्ने शासन' लाई लोकतन्त्रको अभ्यास भन्ने स्थानमा पुगेको छ।

## उत्पीडित जनताका निम्ति वैरी लोकतन्त्र

एक्काईसौँ शताब्दीको सुरुआतसँगै विश्वका महाशक्ति र सम्पन्न देशहरूले विश्वको गरिबी निवारण गर्ने सङ्कल्प गरेका थिए। दुई दशकपछि आश्चर्यजनक नतिजा देखियो, त्यो के भने 'कुनै पनि पश्चिमा देशले अर्थपूर्ण रूपमा गरिबी निवारण गर्न योगदान दिएनन् । चीन एक्लैले ८० करोड जनतालाई गरिबीको रेखाभन्दा माथि ल्याउन सफल भयो र यो नै विश्व-गरिबी निवारणको ८० प्रतिशत उपलब्धि थियो। यसको ठीक उल्टो पुँजीवादी लोकतन्त्रको हवाला दिने देशहरूकै कारण विश्वमा चरम अशान्तिको कारण ९ करोड मानिसहरू शरणार्थी बन्न पुगे। अमेरिकी मोडेलको लोकतन्त्रको तस्बिर आमजनताका लागि भयानक किसिमको त्रासका रूपमा देखिएको छ यसले अर्बपति र खर्बपति लिग टेबल निर्माण गर्दछ । जस्तो कि भारतमा गत वर्षको कुल आम्दानीको ७३ प्रतिशत पुँजी धनी एक प्रतिशतको हिस्सामा गएको छ।

## लोकतान्त्रिक देशको सम्मेलन

अमेरिकी सरकारद्वारा आयोजित 'लोकतन्त्रका लागि सम्मेलन' यही ९ देखि १० डिसेम्बरमा आयोजना गरिएको थियो। यस सम्मेलनमा विश्वका सबैभन्दा ठूला देशहरू चीन, रुसलगायतलाई आमन्त्रण गरिएको थिएन । अमेरिकी कथित लोकतन्त्रको व्याख्याभित्र परेका फिलिपिन्स, इजरायल, भारत र ब्राजिलका समकालीन घटनाक्रम हेर्ने हो भने त्यहाँको लोकतन्त्रको अवस्था दयनीय देखिन्छ। हास्यास्पद कुरा त के छ भने हालसालै लोकतान्त्रिक व्यवस्था स्वीकार गरेका देशका रूपमा अमेरिकाकै एमसीसीमार्फत लगानी गर्न योग्य ठानिएका मदागस्कर, तान्जानिया र श्रीलङ्कालाई अमेरिकाले सम्मेलनमा आमन्त्रणसमेत गरेन किनकि यी तीनैवटा देशले एमसीसी अस्वीकार गरेका थिए । यस सम्मेलनमा विश्वको पाँचौँ ठूलो देश पाकिस्तानले आमन्त्रणका बाबजुद पनि सहभागी नहुने निर्णय गऱ्यो । सारमा भन्दा यो सम्मेलन विश्वमा लोकतन्त्रका निम्तिभन्दा पनि चीनका विरुद्ध शक्ति प्रदर्शनजस्तो थियो।

## लोकतन्त्रका नाममा साम्राज्यवाद

अमेरिकी लोकतन्त्रको प्रोपागान्डा विचारको तहमा मात्र सीमित छैन, बरु साम्राज्यवादको औजारसमेत बनेको छ। उदार अर्थतन्त्रका नाममा निगम पुँजीवाद र प्रजातन्त्रका नाममा देशहरूमाथि हस्तक्षेप तथा आक्रमण गर्ने नीति अख्तियार गरिँदै आएको छ । साम्राज्यवादी गठबन्धनको संयुक्त स्वार्थका रूपमा अफ्रिकी मुलुकहरूमाथिको चरम ऐतिहासिक शोषण, स्रोतसाधनमाथिको कब्जा, सांस्कृतिक र धार्मिक अतिक्रमण, बलात् रूपमा सैन्य कारबाहीहरू र सार्वभौम सत्तामाथि आक्रमणहरूले लोकतन्त्रको हवाल आडम्बर र ढोङ मात्र प्रतीत हुन्छ । प्यालेस्टाइनमाथिको निर्मम बमबारी, सिरियाली जनताको उठीबास, लाखौँ निर्दोष अफगान र इराकी जनतामाथिको बमवर्षा र हत्या, भेनेजुयेलाको सार्वभौम सत्तामाथि 'कु' गर्ने प्रयासहरू, क्युबामाथिको अमानवीय नाकाबन्दी, टर्की, फिलिपिन्स र ब्राजिलका अमानवीय र निरङ्कुश सत्तासँगको सहिष्णुताले अमेरिकी लोकतन्त्रको तुरुप देखाउने दाँत मात्र भएको सिद्ध गर्छन् । कम्तीमा यो कुराको उत्तर अमेरिकी लोकतन्त्रसँग छैन, 'तिमी विश्वमा लोकतन्त्र देख्ने इमानदार चाहना राख्छौ भने युद्ध किन थोपरिरहेका छौ ?'

## जनताको रक्षामा अक्षमता

विगत २ वर्षमा कोभिड १९ नामक वैश्विक महामारीले विश्वका देशहरू र त्यस देशको व्यवस्थापकीय क्षमताको समेत परीक्षण भएको छ। अन्य देशहरूमाथि आक्रमणका लागि सामरिक सामर्थ्य राख्नमै केन्द्रित साम्राज्यवादी व्यवस्थापन प्रणालीले जनताको सुरक्षा गर्न पूर्णतया असफल भएको पाइयो। अमेरिका, बेलायत, इटाली, ब्राजिल र भारतका लाखौँ जनताले मृत्युवरण गर्नुपऱ्यो । जनस्वास्थ्य र प्रभावकारी व्यवस्थापनको प्रणाली बनाउन उदासीन भएकै कारण नागरिकहरूको जीवन बाँच्ने हक फगत कल्पना साबित भयो भने सरकारहरू दायित्व निर्वाह गर्न असफल रहे । अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनका लागि प्रतिबद्धता गरिएको पाँच अर्ब डलर फिर्ता लिएर विश्व-समुदायप्रतिको निर्मम र अनुत्तरदायी चरित्र देखायो । महामारीसँग संयुक्त रूपमा लड्नुको साटो चीनलाई एक्ल्याउनका लागि विषम समयलाई प्रयोग गरियो । यो अवधिमै बेलायत र अस्ट्रेलियाका साथमा त्रिपक्षीय सुरक्षा साझेदारी अगाडि बढाएर चीनविरोधी गठबन्धन निर्माणतिर तीव्रता दिइयो। संसारभरिका गरिब र अल्पविकसित देशहरूका जनता महामारीको सङ्क्रमण र भयबाट त्रस्त भएको बेला खोपहरू स्टोर गर्नेदेखि नितान्त व्यापारिक फाइदाका लागि बेच्ने गरियो । यसले विश्व-बन्धुत्व र साझा मानवीय चुनौतीको बेला अमेरिकी र पश्चिमा देशहरूको उदासीनता प्रस्ट पारेको छ।

## वैधानिक र विश्वासका सङ्कटहरू

थुप्रै अध्ययनहरूले के देखाएका छन् भने अमेरिकी लोकतन्त्रको परम्परागत विश्वास र व्यवहारको शृङ्खला भङ्ग भएर यो आफ्नो असफलताको तीव्रतम् स्खलनतर्फ गइरहेको छ। संवैधानिक संस्थामाथिका हमला, नेतृत्वमाथि घट्दै गइरहेको विश्वास अपेक्षा, समाजमा आएको विभाजनको डरलाग्दो कित्ताकाट, निर्वाचनको विश्वसनीयतामाथि प्रश्न, विचार निर्माण र चुनावी खर्चमा पुँजीपतिहरूको निर्णायक भूमिका, आप्रवासी समुदायको गरिमा र उनीहरूको सांस्कृतिक पक्षमाथिको असहिष्णुता, बढ्दै गएको मनोसामाजिक अलगावको भाव, हिंसा आदिले अमेरिकी जीवन, स्वच्छन्दता र स्वतन्त्रता एक लोकलय मात्र भएको छ।

## लोकतन्त्र र उत्तरसाम्राज्यवाद

हामी हिँडेको बाटो मात्रै राजमार्ग हो र सबै यही बाटोमा हिँड्नुपर्छ भन्ने प्रभाव विस्तार गर्नुको असली नियत भनेको साम्राज्यवादी योजनाहरूकै कार्यान्वयन हो । धर्म, संस्कृति, भाषा, विचार, ज्ञान, जीवनशैलीजस्ता अप्रत्यक्ष माध्यमद्वारा प्रभाव क्षेत्र विस्तारका साथसाथै कल्याणकारी देखिने क्षेत्रमा विकास नियोगहरूको परिचालन गर्ने रणनीति व्यापक छ। यसका साथै विश्वबैङ्क, आईएमएफलगायत अन्य बहुराष्ट्रिय नियोगहरूका माध्यमबाट आफ्नो आर्थिक, राजनीतिक तथा रणनीतिक साझेदारी विस्तार गर्ने नीति देखिन्छ । विभिन्न मुलुकको राजनीतिक वृत्तमा आफूप्रति बफादार व्यक्तिहरूलाई स्थापित गर्न लगानी गर्नुका साथसाथै विभिन्न सर्तहरूमार्फत आफूप्रतिको निर्भरता वृद्धि गर्दै लैजाने गरेको पाइन्छ । विश्वलाई आफूप्रति निर्भर बनाउने र आफ्ना निगम तथा व्यापारिक स्वार्थसमूहका लागि बजार विस्तार गर्ने रणनीति पनि अवलम्बन गरेको पाइन्छ।

## बहिष्करण, उत्पीडन र हीनता

यसअगाडि नै उल्लेख गरिएझैँ आमसर्वसाधारणहरू लोकतन्त्रको केन्द्रमा छैनन् । चरम बेरोजगारी, पारिवारिक विखण्डन, उत्पादनमा श्रमजीवी वर्गको नियन्त्रण गुम्नु, उत्पीडित जनताले आफ्नो विचार राख्ने प्रत्यक्ष अवसर नहुनु, मनोवैज्ञानिक तनाव र हीन भावनाको विकास भइरहेको छ । धनी र गरिबबीच जीवनको गुणस्तर आकाशपातालको भिन्नता हुन पुगेको छ । न्यायिक स्वच्छन्दता, निर्वाचनप्रणालीको पारदर्शिता, सार्वजनिक सेवाको प्रभावकारिता आदिबारे जनताहरू निक्कै आलोचनात्मक रहेका छन् । श्रमिक वर्गलाई न्यूनतम् ज्याला र रोजगारीको अनिश्चिततामा बाँच्न बाध्य पार्ने पुँजीवादी ढाँचाले माथिल्लो वर्गका सीईओ र निर्देशकहरूलाई भने असीमित तलबमान दिने गरेको छ । यसले आमश्रमिक वर्गको श्रमको अवमूल्यन गरिरहेको छ।

## अमेरिकी मोडेलको लोकतन्त्र र वैश्विक निराशा

हालसालै गरिएको सर्वेक्षणले के देखाएको छ भने विश्वमा लोकतन्त्रको उन्नत अभ्यास बढोत्तरीतिर जाँदै छैन । करिब ६४ देश लोकतन्त्रबाट विमुख हुने दिशामा गइरहेका छन् भने जम्मा ३४ देश मात्र लोकतन्त्रतर्फ सुधार हुँदै गएको देखिएको छ। यसको मतलब के हो भने लोकतन्त्रको वर्तमान अमेरिकी भाष्य र यसका अनुमानहरू सिद्धान्ततः र व्यवहारतः अस्वीकृत हुँदै गइरहेका छन्। लोकतन्त्र पैठारी गर्ने वा यसको हिमायती देखिने अमेरिका स्वयम् 'लोकतन्त्र अन्त्यको किनारमा' पुगेको कुरा द न्युयोर्कर लेख्दछ।

के लोकतन्त्रको अन्तिम व्याख्याता अमेरिका हुनुपर्छ ? के लोकनन्त्र सबको टाउकोमा मिल्ने टोपी हो ?

के लोकतन्त्र बहुमत जनताको जीवनप्रति उत्तरदायी हुनु पर्दैन ? एउटा लोकतान्त्रिक देशले अरू देशको सार्वभौमिकतामाथि हस्तक्षेप, बम र बन्दुक चलाउनु नैतिक र मानवीय कुरा हो ? यी आदि प्रश्नहरूले अमेरिकी लोकतन्त्रको प्रचारबाजीलाई घेरेका छन् ।

## एमसीसी सुरुआत र वर्तमानसम्मका प्रक्रियाहरू

- सेप्टेम्वर ११, २००१ पछि अमेरिकी प्रभुत्व कायम राख्न 'संरचनात्मक समायोजन कार्यक्रम' StructuralAdjustment Program जस्तै रणनीतिक माध्यमको आवश्यकता थियो ।
- एमसीसी अमेरिकाको विकास रणनीतिका रूपमा प्रादुर्भाव भयो ।
- यसलाई औपचारिकता दिन साझेदारहरूसँग सीमित मात्र अन्तरक्रिया ।
- मेरिकी लोकतन्त्रप्रति प्रतिबद्ध र प्रकारान्तरले निगम पुँजीवादी मोडेल स्वीकार गराउने नीति ।
- साझेदारी छनोटको एकल अमेरिकी रणनीति ।
- विकास सहायतालाई सामरिक र राजनीतिक उद्देश्यमा जोड्ने ।
- अमेरिकी रक्षा विभागद्वारा सन् २०१८ मा हिन्द-प्रशान्त रणनीति घोषणा ।
- एमसीसी हिन्द-प्रशान्त रणनीतिको मातहत रहने अमेरिकी घोषणा ।
- यसै प्रक्रियामा नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको भ्रमण र छलफलका विषय गोप्य राखिएको ।
- नेपाल हिन्द-प्रशान्त रणनीतिको साझेदार हुने अमेरिकी अधिकारीहरूको बयान ।

## सम्झौतामा नेपाल

- अमेरिकाले तय गरेका मूल्याङ्कनका आधारहरूमा योग्य भएको निवेदन
- विभिन्न चरणमा मन्त्रालय र अधिकारीहरूबाट संवाद र छलफल
- अनुदानका लागि प्रस्ताव र प्रस्तावउपर मूल्याङ्कन तथा नेपाल
- सन् २०११ मा नेपाल एमसीसी परियोजना प्रापक देशमा छनोट
- सेप्टेम्बर २०१७ अर्थमन्त्री ज्ञानेन्द्र कार्कीबाट एमसीसीसँग सम्झौता
- सन् २०१९ मा अर्थमन्त्री युवराज खतिवडाद्वारा कार्यान्वयन सम्झौतामा हस्ताक्षर
- नेपाली जनता र कुनै पनि सार्वजनिक बहसमा यस सम्झौताबारे रहस्यमय मौनता
- कानुनी परामर्श र सम्झौताका सर्तबमोजिम सदनबाट पारित गराउने पहल
- सम्झौतापछि आमनिर्वाचन भए पनि यसबारे जनतालाई कुनै पनि दलले जानकारी नगराएको
- सन् २००२ देखि सन् २०१७ सम्म विकास भएको एमसीसी र सन् २०१८ मा त्यसको छाता रणनीतिको हैसियतमा हिन्द-प्रशान्त रणनीति आएपछि एमसीसी सैन्य दायरामा प्रवेश ।

के एमसीसी परियोजनामा अमेरिका एक्लैको अनुदान रहनेछ ? बास्तवमा यो परियोजनामा नेपालको १३ करोड अमेरिकी डलर र अमेरिकाले ४५ करोड लगानी गर्ने भनिएको छ। यसर्थ यो परियोजना नितान्त एकल अनुदान होइन।

एमसीसी स्वायत्त विकास नियोग होइन। यसको कार्यकारी समितिमा अमेरिकी उच्च अधिकारीहरू संलग्न छन् र यसले अमेरिकाका नीति, स्वार्थ र योजनाहरूलाई कार्यान्वयन गर्ने उद्देश्य राख्छ । यसको कार्यान्वयनका लागि बनेको एमसीए नेपाल पनि नेपाल सरकारका पदाधिकारीहरूको प्रत्यक्ष संलग्नतामा हुने गरी गठन गरिएको छ। तसर्थ यो दुवै देशका सरकारका योजना कार्यान्वयन गर्ने संरचना हो।

सम्झौताको मुख्य ध्येयमा भनिएको छ- अमेरिकाका निम्ति अहित हुने (उसलाई अहित लाग्ने कुनै पनि क्रियाकलाप नगर्न) नेपालले वैधानिक रूपमा प्रतिबद्धता देखाउनुपर्नेछ । यो नितान्त विकास परियोजना हो भने अमेरिकी आइडियोलजिकल सर्तहरू

निजीकरणप्रतिको प्रतिबद्धता, लोकतन्त्रप्रतिको प्रतिबद्धताजस्ता राजनीतिक सर्तहरू यसमा समावेश हुन किन जरुरी भए ?

परियोजना सञ्चालनका निम्ति संलग्न हुने व्यक्तिहरूलाई कानुनी उन्मुक्ति किन आवश्यक परेको होला ? नेपाल एक लोकतान्त्रिक र सार्वभौमसत्ता सम्पन्न कानुनी राज्य हो भने अमेरिकाले साझेदार देशसँग किन न्यायिक उन्मुक्तिको सर्त अगाडि सारेको हो ?

## लेखा परीक्षणको एकाधिकार

यस परियोजनाको लेखा परीक्षणमा अमेरिकी एकाधिकारले परियोजनामा संलग्नता, मानवस्रोतको लेखाजोखा, वित्तीय पारदर्शिता र सम्भावित दुरुपयोगउपर नेपालको नियन्त्रण नरहने प्रावधान किन राखियो ? यसका साथै परियोजनासँग सम्बद्ध कर्मचारीका निम्ति डिप्लोम्याटिक इम्युनिटीको प्रावधान किन राखियो ?

## बौद्धिक सम्पत्तिमा एकाधिकार

एमसीसीले नेपाल परियोजनाबाट उत्पादन हुने सम्पूर्ण बौद्धिक सम्पत्तिमा आफ्नो मात्र अविच्छिन्न, अपरिवर्तनीय, रोयल्टीरहित, विश्वव्यापी र हस्तान्तरण गर्न सक्ने अधिकार आफूसँग रहने प्रावधान राखेको छ । ज्ञात छ- बौद्धिक सम्पत्ति नयाँ तेल भएको छ र यो सर्वाधिक महत्वपूर्ण मुद्राका रूपमा विकास भइरहेको छ। यसमाथि नेपालको कुनै साझेदारी वा स्वामित्वको कल्पना पनि नहुनु आश्चर्य र रहस्यमय छ।

## संसदीय अनुमोदनको आवश्यकता किन ?

नेपालको सार्वभौम सत्तामाथिको ठाडो साम्राज्यवादी हस्तक्षेपका रूपमा सम्झौताको यो प्रावधानलाई लिइएको छ। एकतर्फ एमसीसी नितान्त सहयोग अनुदान हो भन्ने र अर्कोतर्फ नेपालको विद्यमान कानुन र संविधानभन्दा माथिको हैसियत माग गर्नुले यो सम्झौता मात्र होइन, अमेरिकी रणनीतिको भित्री रहस्य इङ्गित गर्दछ।

*(नेपाल-चीन जनमैत्री प्रतिष्ठान, काठमाडौँका तर्फबाट 'अमेरिकी लोकतन्त्रको यथार्थ र एमसीसी' विषयक अन्तरक्रिया कार्यक्रममा नरबहादुर कार्कीद्वारा प्रस्तुत कार्यपत्र- सम्पादक)*

# जाजरकोट- टालेगाउँ यात्रा ३

# आँखैमा राख्छु मेरो देश, मुटुमा राख्छु मेरो देश...



अशोक सुवेदी

हिजो डोग्रीमा सुखद मिलनपछि रसाएका थिए आँखा सबैका । कसैले नभने पनि अर्थात् भन्ने साहस नगरे पनि हिजोका हर्षाश्रु आज १२ घन्टा पनि नबित्दै पीडामा रुपान्तरित हुँदैछन् भन्ने सबैलाई थाहा छ । त्यसैले कोही पनि कसैसँग त्यस विषयमा कुरा गरिरहेको छैन । दाजुभाउजूको मुहार बिहानैदेखि बेल्लैबेल्लै देखिरहेको छु । आफन्तजनहरू मिलनको खुसीका लहर-तरङ्ग लहरिइरहेको समयमा भावनाहरू साटिसक्न नपाउँदै बिछोडका लागि तयार बन्दै गएको भाव पढ्न पनि सकिने अवस्था छ ।

एक अभियात्री मुकुन्दजी पूर्णजीको तल्लो घर फन्को मारिमारी तस्बिर खिचिरहनुभएको छ । पूर्णजी र उषा घरलाई पृष्ठभाग पारेर बिदाइ तस्बिर खिच्दै गरेको जस्तो लाग्छ । हिजो बोलाउँदा पनि नजिक आउन नमान्ने छोरी सिर्जना-पूर्णिमा-सपना आज अलि नजिकनजिक आइरहेका छन् । त्यस्तै सपना र पूर्णिमामा पनि लज्जाभाव मेटिँदै र दायित्वबोध बढ्दै गएको अनुभूत भइरहेछ । सहिद आमालाई आज दिउँसोको मूल कार्यक्रममा पनि हाम्रो भेट हुन्छ भन्ने थाहा भइसकेकाले त्यति हतारिनुभएजस्तो लागेको छैन तर जोसँग आज दिउँसो भेट हुनेवाला छैन नजिकैबाट, उहाँहरू नजिक हुँदै बिदा माग्दै हिँड्न लागेजस्तो लाग्छ । साँच्चै भनूँ भने राम्ररी, गहिरोसँग परिचय नसाटिँदै बिछोडको भयले सताउन लागिसकेको छ बिहानैदेखि ।

आज यात्राको पाँचौं र मुख्य दिन हो । चार दिन लगाएर जाजरकोट टालेगाउँ आइपुगेका छौं हामी आजैको खास कार्यक्रमका लागि । आज हामी कुशे गाउँपालिका २ टालेगाउँका बासिन्दाका बीच यही समाजका दुई महान् आमा र बाबाका नाउँमा केही सामाजिक-सांस्कृतिक पर्वहरू घोषणा गर्दैछौं । संस्थापक पूर्णबहादुर सिंहले आफू र सहिद भाइ तुफानले अध्ययन गरेको र आफ्ना बाबा बितु सिंह र स्थानीय मानबहादुर शाहीले २०४५ सालमा स्थापना गरेको श्री जनकल्याण आधारभूत विद्यालयमा अध्ययनरतमध्ये विद्यालय प्रथम र जेहेनदार (यस वर्ष कक्षा ७ मा अध्ययनरत करिश्मा सिंहलाई विद्यालय प्रथम र कक्षा ३ मा अध्ययनरत अम्बिका सिंहलाई जेहेनदार) गरी दुई विद्यार्थीलाई वार्षिक पाँचपाँच हजार रूपैयाँ छात्रवृत्ति घोषणा र हस्तान्तरण गर्ने, टालेगाउँका पाँचैजना सहिद तेज, तुफान, अपार, सङ्ग्राम र मण्डलका परिवारका सदस्यलाई अभिनन्दन गर्ने, सम्पूर्ण विद्यार्थीलाई कापी, सिसाकलम, डट्पेन प्रदान गर्ने र हामीले सामूहिक रूपमा विद्यालयलाई पाठ्यपुस्तक, पत्रिका र ऐतिहासिक सन्दर्भ समेटिएका अध्ययनसामग्री हस्तान्तरण गर्ने कार्यक्रम छ । आज सिङ्गो टालेटाउँ गुमथलेस्थित जनकल्याण आधारभूत विद्यालयमा केन्द्रीकृत हुँदैछ । स्थानीय जनसमुदाय, विद्यार्थी-अभिभावक, विद्यालयका शिक्षक-शिक्षिका, कर्मचारी, कार्यक्रम संस्थापक, पाहुना, आफन्तजन सबै विद्यालयमा भेला हुने कार्यक्रम छ । नेकपा जाजरकोटको सिङ्गो अभियान टोली टालेगाउँ आइपुगेको छ । अभियानमै लामबद्ध एकीकृत जनसांस्कृतिक परिवार जाजरकोट पनि सहभागी छ ।

बिहान ९ बजेदेखि नै विद्यालयमा विद्यार्थी, अभिभावक र शिक्षक सहभागी हुन थालिसकेको खबर आइसकेको छ । दाजुभाउजू पनि कार्यक्रम स्थलमै सहभागी हुने हुनाले घरबाटै बिदा हुनु नपरे पनि कार्यक्रम सकिनासाथ हिँडिहाल्ने कुरा छ । परमेश्वर शाह र केबीजीसहित हाम्रो नौजनाको सिङ्गो टोली घर पनि नफर्कीकन विद्यालयबाटै बाटुले भर्ने तय भइसकेको छ ।

हामी खाना खाएर अलि गतिमै कार्यक्रम स्थलमा जानका लागि तयार भयौं । झन्डै १५ मिनेट हिँडेपछि मात्र पुगिन्छ जनकल्याण आधार भूत विद्यालय जहाँबाट हामी हिजो अपराह्न यता डोग्रीस्थित पूर्णजीको घरतिर अघि बढेका थियौं । फेरि हिजो आएकै दिशातिर फर्किनुपर्छ हामी कार्यक्रमका लागि । पूर्णजीको घर र विद्यालय रहेको ठाउँलाई बीचमा एउटा खोल्साले छुट्याएको छ । खोल्सावारिपारि भएकाले अर्थात् आम्नेसाम्ने परेकाले मात्र गीतसङ्गीतको धुन बिहानैदेखि सुनिएको हो ।

हामी आआफ्ना झोला, सामान र पोकापुन्तुराहरू बोकेर कार्यक्रमस्थलनिर पुगिसकेका छौं । अलि भिरालो बाटो हिँड्नुपर्ने भएकाले उषाकिरणले मेरो गह्रौं झोला पनि समाइदिनुभएको छ हिजोजस्तै । बेलाबेला स्यारिसर्र गरेर पानीले हामीलाई तर्साउने छाँट बिहानैदेखि देखाइरहेको छ । त्यसैले हामी ढिला नगरी कार्यक्रम सुरु गर्ने तयारीमा छौं । विद्यालयमा पुगेर कार्यक्रम तालिका निर्माण गर्दागर्दै सबै सहभागीलाई अत्याउँदै र भिजाउँदै एकसरो पानी ओइरिन्छ । चीसो ह्वात्तै बढाएको छ पानीले । उस्तै परे हिउँ बर्सिन बेर लगाउँदैन यहाँ पनि । ससाना बालबालिका र अभिभावकको चिल्लीबिल्लीजस्तै हुन्छ । कार्यक्रमका लागि बाहिर चौरमा निर्माण गरिएको मञ्च पनि निकालिन्छ । अब यो पानीलाई छल्दै कहाँ कार्यक्रम गर्ने होला भन्ने विकल्पबारे सल्लाह हुँदाहुँदै पानी रोकिन्छ । हामी बालबालिकाकै शैलीमा खुसी हुँदै फेरि चौरमा केन्द्रीकृत हुन्छौं । एकैछिनमा मञ्च तयार हुन्छ । सबै केन्द्रीकृत हुन्छौं । हामीलाई ठूलो तामझाम र औपचारिकताभन्दा कार्यक्रम सक्ने र हिँड्ने हतारो छ । स्थानीय बासिन्दाबीच नयाँ संस्कार, संस्कृति आरम्भ भएको घोषणा गर्नुछ । सबैको जिज्ञासा छ आज पक्कै पनि गुमथलेमा केही नयाँ र दीर्घकालीन महत्वको काम हुँदैछ ।

मध्याह्न १२ बजिसकेको छ । पानीले अत्याएकाले सबैको मनस्थिति हतासहतास बन्दै गएको छ । पानी परेमा फेरि कार्यक्रम बिथोलिने खतरा छ । पानी परिरहेमा टालेगाउँबाट बाटुलेसम्म भर्ने ओरालो भिरालो बाटो पनि चिप्लो भएर प्रभावित हुनेछ । शिरैमा पाथीभरामा हिउँ पर्नेछ र चिसोको मात्रा एक्कासि बढेर थेग्न गाह्रो हुनेछ । कार्यक्रममा आइसकेका मानिस फर्कन सुरु गर्नेछन् भने आउन बाँकी अरू विद्यालय र गाउँका मानिस कार्यक्रममा थपिनेछैनन्...। यस्ता धेरै आशङ्का र समस्याहरूका बारेमा छलफल हुँदाहुँदै पानी रोकिन्छ र तीव्रतामा कार्यक्रम सुरु हुन्छ । प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य एवम् जाजरकोट जिल्ला इन्चार्ज कमरेड पहलबहादुर रावल 'सङ्गम आरसी', संस्थाका संस्थापक, नेकपाका केन्द्रीय सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक इन्चार्ज कमरेड पूर्णबहादुर सिंह, वक्ता अतिथिका रूपमा म आफैं र अन्य स्रष्टाहरू अराप, दीपक, मुकुन्द, उषाकिरण, अनिल... सबैसबै मञ्चासीन हुन्छौं । सहिद परिवारका सदस्यहरू मञ्चासीन हुनुहुन्छ । परमेश्वर शाह कार्यक्रम सञ्चालन गरिरहनुभएको छ । आयोजकमध्येको एक संस्था जनकल्याण आधारभूत विद्यालयले माला पहिऱ्याएको छ संस्थापक र अतिथिहरूलाई । हामी हेर्दाहेर्दै मालाभित्र पुरिन थाल्छौं । यो बिनास्वार्थ गरिएको सम्मान हो । त्यसैले जनकल्याणलगायत विद्यालयहरूले गरेको स्वागत र सम्मानलाई हामीले अन्यथा मानेका छैनौं ।

कार्यक्रम भव्य रूपमा सुरु भइसकेको छ । एकीकृत जनसांस्कृतिक परिवार जाजरकोटका कलाकार कमरेडहरू जनयुद्धकी महान् सांस्कृतिक सहिद चुनु गुरुङको यो कालजयी गीतमा नृत्य गरिरहनुभएको छ :

*आँखैमा राख्छु मेरो देश*
*मुटुमा राख्छु मेरो देश*
*परेलीमा सजाउँछु मेरो देश...*

हो, यो देश र श्रमिक वर्गलाई आँखैमा र हृदयमा सजाउनेहरूको बस्ती हो । यो मातृभूमिको रक्षा र सर्वहारा वर्गको मुक्तिका लागि, वैज्ञानिक समाजवाद स्थापनाका लागि दलाल पुँजीवादसँग लड्न, जिल्न र त्यसका लागि बलिदानसम्म हुन तयार क्रान्तिकारीहरूको सभा हो । यहाँ सिङ्गो कर्णाली र जाजरकोट बोलेको छ । यहाँका बालबालिका, अभिभावक, शिक्षक सबैसबैमा कर्णाली र जाजरकोटको चित्र छर्लङ्ग देखिन्छ अर्थात् अभाव, पीडा, राज्यको दोहन, अविकास, दुःख, कष्ट, हैरानी सबै अभिव्यक्त भएको छ । हिजोको राजनीतिक नेतृत्वबाट सबै हुर्मत लुटिए पनि मान्छेभित्रको मान्छेत्व बाँकी छ यहाँ । जनयुद्धले निर्माण गरेको मानवीय भावना, संस्कार र संस्कृति त्यतिबेलाका आधारइलाकाहरूमा हिड नभए पनि हिड बाँधेको टालो नै सही, बाँचेको छ । अन्य स्थानमा अर्थात् खास सहरबजारमा दलाल पुँजीवादले खाइसकेको छ । जुनी कम्युनलाई अवसरवादीहरूले आफ्नो दुनो सोझ्याउने ठाउँ बनाएर कब्जा गरिसकेको दुःखद् सूचना छ तर त्यही अवशेष हेर्न जानका लागि पनि हामीसँग पर्याप्त समय पुगेको छैन । हामी यही बस्तीलाई हेरेर यो ...डाँडैपल्तिरको जुनी कम्युनमा पुगेको अनुभूति गरिरहेका छौं । कमरेड परमेश्वर शाहको घर त्यहींनेर हो ।

कार्यक्रममा महान् सहिदहरू र अग्रजहरूको सम्मानमा श्रद्धाञ्जली हुँदैछ । अतिथिहरूलाई स्वागत हुँदैछ । कमरेड उषा आयोजकका तर्फबाट महान् जनयुद्धमामा बलिदान गर्ने सहिदहरूका परिवारका सदस्यहरू तुलसा सिंह, कुमार सिंह ...लाई दोसल्लासहित सम्मान गरिरहनुभएको छ । सहिद परिवारले जयुद्धकालीन गर्विलो इतिहास बोकेको र सहिदको रगतसँग नाता गाँसेको नौलो बिहानीको सहिद र बलिदान विशेषाङ्क लोकार्पण गरिसक्नुभएको छ । सहिद परिवारका सदस्यहरू आफ्ना प्रियजनले समाजमा विद्यमान असमानता, विभेद र अन्याय समाप्तिका लागि जारी वर्गसङ्घर्षमा बलिदान गरेको विषयलाई गर्व र इतिहासको अनिवार्य कोटाका रूपमा संश्लेषण गरिरहनुभएको छ । खलनायकहरूले महान् जनयुद्धको गौरवशाली इतिहासलाई सस्तो र सत्ताका लागि बिकाउ माल बनाइरहेको समयमा पनि यो गौरवशाली धरतीका महान् आमाबाबा र दाजुभाइ-दिदीबहिनीहरू भने वर्गसङ्घर्ष विजयमा पुऱ्याएरै छोड्ने र त्यसका लागि अरू बलिदान गर्न तयार रहेको उद्घोष गरिरहनुभएको छ । आहा ! कति महान् हृदय । इतिहासले एकाध खलनायक बेहोर्नुपरे पनि एकभन्दा एक नायक जन्माइरहेको छ समय । मान्छे अझै थाकेको, गलेको, हारेको वा पराजित बनेको छैन । मानिस अझै लड्न र सहिद बन्न तयार छ आफ्नो वर्गका लागि । यो हो नि महानता ! यो हो नि महान् जनयुद्धले निर्माण गरेको नयाँ संस्कृति ! यो यात्राको उच्च शिखर चुमेजस्तो लाग्यो मलाई यतिबेला । काठमाडौंमा सरकार ढाल्ने, बनाउने, खाने, हसुर्ने षड्यन्त्रमा तल्लीन छन् हिजो जनयुद्धका नायकत्व समालेका केही थान पात्रहरू तर वास्तविक ग्रामीण भूभागमा सत्ता होइन, सङ्घर्ष प्रमुख छ । क्रान्ति प्रमुख छ । समालिने, उठ्ने, लड्ने र जित्ने कुरा प्रधान छ । एकीकृत जनक्रान्तिले फेरि जनतालाई हिजोभन्दा गहिराइ, उचाइ र व्यापकतामा उठाइरहेको छ वैज्ञानिक समाजवाद निर्माणका लागि । ससाना नानीबाबुको मुहारमा हामी पढिरहेका छौं- एकीकृत जनक्रान्तिबाट स्थापना हुने वैज्ञानिक समाजवाद तिनका लागि चाहिएको छ । हिजो जनयुद्धले तिनलाई सुन्दर सपनाहरू देखाएको थियो तर ती सपना दुःस्वप्नमा परिणत भए । अब सपनाको अपहरण गर्न दिनेछैनन् जाजरकोटहरूले, आधारइलाकाहरूले अर्थात् श्रमिक जनताका आधारभूत बस्तीहरूले । त्यसैले उनीहरू भनिरहेका छन्- अब क्रान्ति कसैले खोस्न सक्तैन । हामी खोस्न दिँदैनौं यसलाई हिजोजस्तो...।




प्रमुख अतिथि, संस्थापक, अतिथिहरू र मेरो पालोमा म पनि अग्रजहरूको स्मृतिमा सहिदहरू र बालबालिकालाई नगद छात्रवृत्तिसहित सम्मान गर्ने कार्यक्रमको चर्चा गर्छौं । मैले पनि १५ वर्षअघि रामेछापबाट अग्रजहरूको सम्मान गर्ने कार्यक्रम आरम्भ गरेको थिएँ यसैगरी मुक्ति सेनाका योद्धा, रक्षा दलका लडाकु एवम् कवि हितप्रसाद उपाध्याय र ममतामयी आमा जूनमाया सुवेदीको सम्मानमा । पुष्पलाल-गङ्गालाल-कृष्णलालदेखि शिवलाल-चन्द्रलाल-हितप्रसाद-जूनमायासम्मका विद्रोही र अग्रजहरू सम्मानित भइसक्नुभएको छ अर्थात् उहाँहरूको विद्रोह, बलिदान र त्यागका सुन्दर इतिहासहरू सम्मानित भइरहेका छन् । आज कमरेड पूर्णबहादुर सिंहले त्यही कार्यक्रम र अभियानबाट प्रभावित भएर यो कार्यक्रम आरम्भ गरेको हुँ भनेर सगर्व घोषणा गर्दा मेरो छाती अत्यन्त गौरवान्वित, पुलकित र चौडा भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि पार्टी नेता संगम आरसीले मुलुकको समसामयिक राजनीति पनि अघि सार्नुभएको छ र पार्टीले लिएको वैज्ञानिक समाजवाद स्थापना गर्न जनमतसङ्ग्रहबाट छिनोफानो लगाउने कुरा पनि गर्नुभएको छ । जिल्ला समितिका सेक्रेटरी अनन्तले पनि टाउकोले टेकेको दुनियाँलाई खुट्टाले टेकाउन प्रयत्नरत रहेको उद्घोष गर्दै राजनीतिक अवस्था बदल्ने विषयलाई जोड दिनुभएको छ । संस्थापक व्यक्तित्व पूर्णजीले आफूले थालेको नयाँ संस्कृति आरम्भ गर्ने कार्यक्रमसँग राजनीतिक विषयलाई जोडेर बोल्नुभएको छ । बाबाआमाको देवत्वकरण गरेको नभई उहाँहरूका योगदानलाई स्थापित गरेको र पुरानो संस्कार-संस्कृति उल्ट्याउँदै नयाँ संस्कृति स्थापना गरेको बताउनुभएको छ । पूर्णजीले विद्यालय प्रथम र जेहेनदार दुई छात्रा करिश्मा र अम्बिकालाई पाँचपाँच हजार र स्थानीय लोकबाजा समूहलाई पनि पाँच हजार रूपैयाँ प्रदान गर्नुभएको छ । अग्नि दाइ र उषाकिरणले कविता वाचन गर्नुभएको छ । मुकुन्दजीलाई थरीथरीका तस्बिर खिच्ने जिम्मा छ । अग्रजहरूको सम्मानमा यति महत्वपूर्ण कार्यक्रम आयोजना गरेर अतिथिका रूपमा आमन्त्रित भएर आमा शीर्षकको कवितासहित केही विचार राख्न पाउँदा म पनि गौरवान्वित भएको छु । तीनवटा विद्यालय- लाइफ फ्युचरका प्रअ र विद्यार्थी, मान्नेढुङ्गाका शिक्षक र विद्यार्थी, .........का शिक्षक र विद्यार्थी पढाइ नै रोकी, विद्यालय नै बन्द गरेर जनकल्याण आधारभूत विद्यालयमा आयोजित कार्यक्रम सफल पार्न भेला भएका छन् । कार्यक्रम र विचार जनअनुमोदित भएको छ । सबै वक्ता अतिथि र स्थानीयको एउटै भाव छ- अग्रजहरूको स्मृतिमा विद्यार्थी र सहिद परिवारको सम्मान गर्ने कार्यक्रम सुरु हुँदा अब नयाँ संस्कार र संस्कृतिलाई प्रोत्साहन भएको छ । यसका लागि संस्थापकलाई हृदयैदेखि बधाई तथा शुभकामना छ ।

हामी सबै अध्ययनमा अब्बल छात्रा, सम्पूर्ण विद्यार्थीलाई बधाई दिँदै कापीकलम, पुस्तक वितरण गरिरहेका छौं । स्थानीय लोकबाजालाई आफ्नो कला प्रस्तुत गर्न भ्याइनभ्याइ छ ।

धमाधम कार्यक्रम सकेर हामीलाई फर्किन हतार भइसकेको छ किनकि पानी पर्न सुरु गरिसकेको छ फेरि । हेर्दाहेर्दै पाथीभराको नाङ्गो थाप्लो सेताम्मे भइसकेको छ हिउँले । अब हिउँ तलतलसम्म पनि झर्छ । हिउँ धेरै पऱ्यो भने बाटुलेसम्म झर्न डबल क्यापलाई पनि गाह्रो हुन्छ । हामी त हिँडेर भए पनि रातीसम्म बाटुले पुग्दा हौं, पूर्णजी र उषालाई दाजुभाउजूले पाकेको फर्सीदेखि विभिन्न किसिमका कोसेली हालिदिनुभएको छ । त्यो बोकेर बेसीसम्म पुऱ्याउन गाह्रो हुनेछ ।

विद्यालयबाट हिँड्नै लाग्दा एकातिर बालबालिकाको विनम्र मुहारले हृदय रेटिरहेछ भने अर्कातिर पन्चेबाजा समूह संस्थापकलाई कला र गला प्रस्तुत गरेर थप पुरस्कारको अपेक्षासहित बाटो छेकीछेकी बाजा बजाइरहेछ । नजिकनजिक हुँदै गएकी कान्छी छोरी सिर्जना विद्यालयको प्राङ्गणमै थालीभरि रातो रङ र अक्षेता लिएर आइपुग्छिन् बिदा गर्न । काकाकाकीलाई पहिला टीका लगाइदिन्छिन् उनी र म भएको ठाउँमा आइपुग्छिन् । उनको विद्यालयको एकजना गुजस्तै लाग्छे र म । उनी र पूर्णिमाले हिजो भनेका सिथए । उनको भावले भनिरहेछ- तपाईंहरूसँग भेट र भलाकुसारीको तिर्खा मेट्नै नपाई छुट्टिनुपऱ्यो ठूलोबुवा, छिट्टै आउनू है ...! उनी निधारभरि रातो टीका लगाइदिएर बिदा गर्छिन् । यो क्रम दाजुभाउजू र अरूहरूसँग पनि चलिरहन्छ ।

भाउजू वर, गाडी भएको ठाउँसम्म आउनुहुन्छ र बलिन्द्र धारा आँसु बगाउनुहुन्छ छुट्टिनु परेकोमा । एक दिन पनि राम्ररी कुरा गर्न पाइएन । देवर, देवरानी र पाहुनाहरूसँग एक छिन फुर्सदले कुरा गर्न पनि पाइएन... भाउजू यसरी भक्कानिँदा ग्रामीण प्रेम र मायाको लदाबदी पोखिन्छ । हामी सबै भावुक हुन्छौं र भाउजू, सिङ्गो गाउँबासीसँग हात हल्लाउँदै बिदा हुन्छौं ।

अब भने हाम्रो डबल क्याप चिप्लो, ओरालो बाटोमा हुइँकिएको छ टालेगाउँ, गुमथले, मान्नेढुङ्गा....सबैलाई बाइबाई गर्दै । हामीलाई ऊः परबाट हिजो आउँदा भेटिएका डोग्री, गुमथले, बाह्रसाइले, मान्नेढुङ्गा, तिमिलधारा, बरखाले, कुखेखोला, बिलकोट, नौमुले, कालिकाडाँडा, गैरीखेत गोबिन्दे, टापुचौर, डेब्रा, रोलखोलाले बाइबाई गर्दै हात हल्लाएको भान परिरहेको थियो । परमेश्वर कमरेड पारिपट्टि मावली गाउँ... र त्यसको पुछारबाट छङ्छडाउँदै स्थानीय सानु गाडमा झरिरहेको झरना देखाउँदै आफूले त्यसमा पौडी खेलेको कथा सुनाइरहनुभएको छ । झमझम पानी परिरहेको छ । डबल क्यापको पछाडि बस्ने मुकुन्द, उषाकिरणलगायत सहयात्रीहरू भिजिरहेका छन् । हामी कहिले भर्दै र कहिले चढ्दै गरिरहेका छौं गाडीमा । हेदार्हेर्दै साँझ झमक्क परिसकेको छ । बाटुले नजिकैनजिकै आउँदैछ भन्ने अनुभूति भइरहेको छ हामीलाई । हामी आज पनि सहिद मण्डलकै घरमा बस्नेछौं र सानी नानी, सहिद मण्डलकी भान्जी सुजाताको न्यानो आतिथ्यसँगै सानीगाडको सुसाहटमा आफूलाई भुलिदिनेछौं ...।

**वैज्ञानिक समाजवादी ....**

वार्षिक अर्बौं रकम सङ्कलन हुन पुग्छ । त्यस्तै हामीसँग सोमाय, पाँचऔंले, विखमा, टिमुरलगायत दर्जनौं दुर्लभ बहुमूल्य जडीबुटीहरू पनि रहेका छन् । हाल चोरी निकासीका रूपमा हाम्रा बहुमूल्य जडीबुटीहरू कौडीको भाउमा विदेश निकासी गरिन्छ र प्रशोधित भएर आउने वस्तुहरू महँगो रूपमा उपभोग गर्न हामी बाध्य छौं । हाम्रो देशमा पाइने अथवा रहेका सामान्यदेखि बहुमूल्य जडीबुटीहरूलाई व्यवस्थित गर्न सक्दा देशलाई ठूलो आम्दानी हुन्छ ।

पाँचौं हो– बनजङ्गल । हाम्रो देशको कुल क्षेत्रफलको भन्डै ४५ प्रतिशत जमिन जङ्गलले ढाकेको छ । तराईको चारकोसे झाडी जसलाई हामी हाम्रो राष्ट्रिय सम्पत्ति भएकोमा गर्व गर्दछौं । त्यहाँ साल, सिसौ, खयरलगायत बहुमूल्य काठहरू रहेका छन् तर दुर्भाग्यका रूपमा हामीले दुईवटा कुरा रोक्न सकिरहेका छैनौं : पहिलो– चोरीनिकासी । यो समस्या निकै बढेर गएको छ । राज्यको लापर्वाहीपूर्ण तरिकाका कारण हाम्रा बहुमूल्य काठहरू चोरी निकासी गरी भारत निर्यात गर्ने गरिन्छ । दोस्रो–काठको सही प्रयोगको अभाव । यसमा मुख्यतः बन क्षेत्रमा प्रशस्त काठहरू सडिरहेका छन् । ती बेवारिसे भएका काठहरू राज्यले उचित ध्यान नदिने र जनताले उठाउँदा कारबाही गर्ने सरकारी नीतिका कारण वर्षौंसम्म बहुमूल्य काठहरू जङ्गलमा सडिरहेका छन् । अहिले जङ्गलको संरक्षण र विकासका नाममा जे जति ऐननियम तथा नियमावलीहरू बनेका भए पनि तिनको प्रभावकारी कार्यान्वयनको अभावमा जङ्गलको ठूलो मात्रामा क्षयीकरण भैरहेको छ । बनजङ्गलको संरक्षण र विकासमा वैज्ञानिक योजनासहित यसलाई व्यवस्थित गर्न सक्दा देशलाई वार्षिक करोडौं रकम जम्मा हुन पुग्छ ।

छैटौं हो– श्रमशक्ति । हाल हाम्रो देशबाट रोजगारीको सिलसिलामा ७० लाखवरिपरिको जनशक्ति विश्वका विभिन्न देशहरूमा सस्तो श्रमशक्ति बेच्न बाध्य छन् । देशमा रोजगारीको अभावमा यो अवस्था उत्पन्न भएको हो । यसबाट ९ खर्ब, ६१ अर्ब विप्रेषण भित्रिएको छ जुन आर्थिक वर्ष ७८/७९ को बजेटको भन्डै ५७ प्रतिशत हुन जान्छ । खाडी मुलुकका प्रतिकूल मौसमको सामना गर्दै हराभरा बनाउने मुख्य भूमिका नेपाली श्रमिकहरूको रहेको छ । भारतका ठूला सहरका गल्लीहरूमा सिट्ठी फुकेनेदेखि हिमाञ्चल प्रदेश, लद्दाख प्रदेश, अरुणाञ्चल प्रदेशलगायत प्रदेशहरूका रेल वे, सडक तथा भवनहरूको निर्माणकार्यमा नेपाली श्रमिकहरूकै महत्वपूर्ण योगदान रहेको छ । पश्चिम युरोपदेखि अमेरिका, दक्षिणपूर्वी एसियादेखि अफ्रिकी मुलुकहरूमा सस्तो श्रमशक्ति बेच्नुका साथै लाखौं नेपाली युवा भारतीय तथा बेलायती सेनाका अतिरिक्त दर्जनौं मुलुकहरूमा मिलिसिया तथा प्रहरी सेवामा रहन बाध्य छन् । देशभित्र र बाहिर कार्यरत यति ठूलो श्रमशक्तिलाई राज्यले मिलाउन सक्दा हाम्रो देशलाई विकासका दृष्टिले केही दशकमै कायापलट गर्न सकिने कुरामा दुईमत हुन सक्दैन । कुनै बेला जङ्गबहादुर राणाले एकै रातमा पुल तयार गरेको तथ्य कथा होस् वा गत वर्ष चीनले केही साताभित्र लाखौं मानिसलाई व्यवस्थापन गर्न सक्ने कोरोना अस्पतालको निर्माणको कुरा होस्, वास्तवमा इच्छाशक्ति, वैज्ञानिक योजना र आर्थिकलाई जोड्न सकियो भने चामत्कारिक योजना निर्माण गर्न सकिन्छ ।

आजको दलाल संसदीय राज्यसत्ताका कारण पैदा भैरहेको पराधीन चेतना र व्यवस्थाका अगाडि यो विषय असम्भव र काल्पनिकजस्तो लाग्न सक्छ । तर कुन कुरा सत्य हो भने आत्मनिर्भर अर्थतन्त्रसहितको वैज्ञानिक चेतना र विचारले युक्त वैज्ञानिक समाजवादी राज्यसत्ताको निर्माण, रक्षा र प्रयोग पूरापूर सम्भव छ ।

## साम्यवादी दल र ....

एकता भएको पार्टीभित्र जुनजुन समूहबाट आएका नेता तथा कार्यकर्ता हुन्, तिनको आआफ्नै समूहको अलग बैठक बसेर मात्र मूल बैठकमा जान्छन् । मूल बैठकमा विचारधारा, राजनीतिक कार्यदिशा र कार्यक्रममा होइन, आआफ्नो स्वार्थ र पदप्रतिष्ठाका लागि खिचातानी, भनाभन र गलफत्ती हुन्छ । पुरानो गुटीय संस्कृति यथावत् रहिरहेको हुन्छ । वास्तविक एकता भएको हुँदैन किनभने एकता गर्ने प्रक्रियामा उनीहरूले कुनै मुद्दागत सम्झौता गरेका हुन्छन्, न त विचारधारा, राजनीतिक कार्यदिशा र कार्यक्रममा एकता भएको होस् । हामी उदाहरणका लागि नेकपा (एमाले) र नेकपा (माके) का बीच २०७५ जेठ ३ गते भएको कथित साम्यवादी दल एकतालाई लिन सक्छौं । त्यो एकता दर्शन, राजनीति, कार्यदिशा र कार्यक्रममा एकता भएको होइन, बरु संसदीय चुनावमा ठूलो दल बनाएर सरकार बनाउनलाई भएको थियो । अहिले आएर फेरि तीन टुक्रा भएको छ । क्रान्तिकारी साम्यवादी दलमा यसका अवशेषहरू रहेका हुन्छन् । विभिन्न समूहहरूबाट विद्रोह गरेका इमानदार क्रान्तिकारीहरू र क्रान्तिकारी समूहहरूबीच पार्टी एकता हुन्छ । उनीहरूमध्ये सङ्ख्या र गुणमा जुन समूह ठूलो थियो त्यसले त्यहाँ संस्थापन पक्ष बनेर नेतृत्व गरिरहेको हुन्छ । त्योचाहिँ शासकजस्तो र ससाना विचार समूहहरू शासितजस्ता बन्न पुग्छन् । लामो समयसम्म पनि ती कुनकुन समूहबाट आएका हुन्, तिनको चिन्तन विधि, चालचलन र संस्कार त्यहीत्यही समूहको जस्तो रहिरहेको हुन्छ । संस्थापन भनिएको समूहले तिनलाई आफ्नो पुरानै तौरतरिकाले चलाउन खोज्दछ । तर ती हिमनदीका हिमशिलाजस्तै नपग्लिएर रहेका हुन्छन् ।

अब हाम्रो अगाडि प्रश्न उठ्दछ के हिमनदीका हिमशिलाहरू फुटाउनै सकिँदैन ? सकिन्छ तर हिमनदीको मूल प्रवाह पनि रूपान्तरण भएर तातो हुनुपर्‍यो । नत्र भने हिमशिलाहरूले हिमनदीको प्रवाहको आफूले आफैँलाई तापक्रममा बदल्नु पर्दछ तब मात्र नदीको बहाव सजिलै अघि बढ्दछ । हिमनदीचाहिँ चीसै रहने तर हिमशिला मात्र पग्लियोस् भनेर कामना गर्नु द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी चिन्तन होइन, बरु त्यो अधिभूतवादी आदर्शवादबाट उत्पन्न हुने चिन्तन हो । यहाँ हामीले प्रतीकात्मक कुरा गर्‍यौं । त्यसकारण विभिन्न क्रान्तिकारी पार्टीहरूका बीच पार्टी एकता गर्नुपूर्व मार्गनिर्देशक सिद्धान्त, देश, काल र परि स्थितिको विश्लेषण, यो विश्लेषणबाट बनेको कार्यदिशा र कार्यनीति क्रान्तिको लक्ष्य र उद्देश्य, एकअर्कालाई पहिले लगाएका आरोप र प्रत्यारोपहरू आआफ्नो समूहको अभ्यासबाट बनेको संस्कार र संस्कृति इत्यादिबारे पर्याप्त बहस र छलफलबाट नयाँ निष्कर्षहरू निकाल्नुपर्दछ । विगतमा भएका कमीकमजोरीप्रति आत्मालोचना गर्ने र एकअर्काको आलोचना गर्ने कार्यबाट दिलदिमागमा रहेका तुषहरू हटाउनुपर्दछ । बरु ढिलै होस् पार्टी एकता बलवान् होस् । हाम्रो पुरानो आदत के छ भने अरूलाई आलोचना गर्दा रमाउने र आफूलाई अरूले आलोचना गर्दा धेरै रिसाउने । आफूमाथिको आलोचना गलतै किन नहोस् धैर्यपूर्वक सुन्नुपर्दछ र त्यसको वैज्ञानिक जवाफ दिनुपर्दछ । सही आलोचनालाई घुमाइफिराइ अस्वीकार गर्ने होइन, बरु आफूलाई सुधार्ने मौका दिएकोमा त्यो कमरेडलाई धन्यवाद दिनैपर्दछ । पार्टीभित्र आलोचना तथा आत्मालोचनाको जनवाद नदिनु भनेको विद्रोहलाई सञ्चय गरेर राख्नु हो र फूटको बीउँ रोप्नु हो । यसले गर्दा नै पार्टीमा पहिले प्रतिक्रान्ति हुन्छ र त्यसपछि विजयी समाजवाद तथा विजयको सन्निकट क्रान्तिमा प्रतिक्रान्ति हुन्छ । हामीले आजैदेखि पार्टी एकता गर्दा र पार्टी एकता भइसकेपछि जनवादी केन्द्रीयता तथा आलोचना आत्मालोचनाको सही प्रयोग गरे नै एकतालाई बलियो बनाउन सक्दछौं । यसको अर्थ पार्टीमा अन्तरसङ्घर्ष नहोस् भन्ने कुरा पनि अवस्तुवादी र अधिभूतवादी हुन्छ । जनवादको अर्थ अराजकता र केन्द्रीयताको अर्थ नोकरशाही होइन, बरु छलफल र बहसमा स्वतन्त्रता नै जनवादी केन्द्रीयताको सारतत्व हो । छलफलमा स्वतन्त्रतालाई रोक्नु भनेको पनि प्रतिक्रान्तिलाई निम्त्याउनु हो । बहसमा स्वतन्त्रता र कामकारबाहीमा एकरूपताले नै साम्यवादी दललाई हराभरा र क्रान्तिकारी बनाइरहन्छ । त्यसकारण साम्यवादी दलभित्र बनेका पूर्वाग्रह र गुटउपगुटका डल्लाहरू फोर्ने जनवादी वातावरण बनाउन नेतृत्वले हरदम ध्यान पुर्‍याइरहनुको विकल्प छैन । नेतृत्वले प्रस्ताव पेस गरिसकेपछि त्यसमा विभिन्न कोणबाट बहस भयो भने मात्र हिमनदी प्रवाहको कुन कुनामा हिमशिला पग्लेको छैन भन्ने कुरा थाहा हुन्छ । बहसलाई रोक्यो भने त्यो कुरा थाहा हुँदैन र त्यो कुरा थाहा भएन भने नदी बग्दैन, बरु सम्पूर्ण नदी बरफ बन्दछ । सीधै भन्दा साम्यवादी दलमा प्रतिक्रान्ति हुन्छ र सम्पन्न तथा सन्निकट क्रान्ति असफल हुन्छ ।

यो आलेखको सिरानीमा नै हामीले मार्क्स र लेनिनका भनाइहरू उद्धृत गरेका छौं । साम्यवादीहरूको सिद्धान्त भनेको व्यक्तिगत स्वामित्वको उन्मूलन गरी उत्पादनका साधनहरूमाथि सामूहिक स्वामित्व स्थापना गर्नु हो । लेनिनका अनुसार उत्पादनका साधनहरू जग्गाजमिन र कलकारखाना साम्यवादी समाजमा सामूहिक हुन्छन् । त्यसमा सबै मानिसले मिलीजुली श्रम गर्दछन् । यो श्रमबाट उत्पादित वस्तु सामूहिक हुन्छ । यसलाई वैज्ञानिक समाजवादमा 'जसले गर्दछ काम, उसले खान पाउँछ माम', योग्यताअनुसार काम गर र आवश्यकताअनुसार लैजाऊ भन्ने नीतिअनुसार वितरण गरिन्छ । त्यसकारण एउटा साम्यवादी दल, त्यसको नेतृत्व र कार्यकर्ताले मालेमावादलाई मार्गनिर्देशक मान्दछन् भने ती आजैदेखि साम्यवादी बन्नुपर्छ । आजचाहिँ साम्यवादी पार्टीको सदस्य बनौं, साम्यवादी त साम्यवाद आएपछि बनौँला भन्नु नै प्रतिक्रान्तिको बीउ रोप्नु हो । मार्क्सले जर्मनेली विचारधारामा के पनि भन्नुभएको छ भने 'मानिसको चेतनाले सामाजिक अस्तित्व निर्धारण गर्दैन, बरू सामाजिक अस्तित्वले मानिसको चेतना निर्धारण गर्दछ ।' यसको अर्थ साम्यवादी बन्नलाई साम्यवादी सामाजिक अस्तित्व पनि बनाउँदै जानु हरेक साम्यवादी सदस्यहरूको कर्तव्य हो । उनीहरूले त्यसका लागि आफ्नो परिवार र आफूसम्बद्ध साम्यवादी पार्टी समितिलाई वैकल्पिक सामाजिक अस्तित्व बनाउनुपर्दछ ताकि आफ्नो साम्यवादी विचारको ग्रहणशीलता र प्रगति फैलँदै जाओस् । विश्व-साम्यवादी आन्दोलन र नेपाली साम्यवादी आन्दोलनमा समस्या त के देखिएको छ भने एउटा परिवारमा मातापितापछि छोराछोरीहरू साम्यवादविरोधी हुँदै गएका छन् । पुराना नेताहरूको पिँढी सकिएपछि नयाँ कार्यकर्ताहरूको साम्यवादी विचारधारा घट्दै गएको छ ।

साम्यवादी विचारधारालाई फैलाउने, विकास गर्ने र विजयी गराउने तरिका भनेको हरेक साम्यवादी सदस्यले आफ्नो परिवार र आफू सम्बद्ध दलको तहमा साम्यवादी सिद्धान्त अध्ययन तथा विकासको बलियो जग हाल्नु, त्यो सिद्धान्तअनुरूप आफ्नो आचरणलाई नमुना बनाउनु हो । हरेक घरबाट साम्यवादी क्रान्ति अघि बढायौं र हरेक दल समितिलाई साम्यवादी व्यवस्थाको एकाइका रूपमा विकास गर्‍यौं भने त्यो चारैतिर फैलन्छ । हामी साम्यवादी दलका नेता र कार्यकर्ताहरूले बत्तीमुनि अँध्यारो फैलिन दिएका छौं र अमूर्त निशानामा टर्चलाइट घुमाइरहेका छौं । त्यसकारण हाम्रो पार्टीको आठौं महाधिवेशनद्वारा पारित राजनीतिक प्रतिवेदनमा एउटा आर्थिक नीति बनाइएको छ जसअनुसार :

'समाजवादी सत्ता सञ्चालनका अनुभव, क्रान्ति सञ्चालन गर्दाका अनुभव र शिक्षालाई ग्रहण गर्दा हाम्रो नीति निम्नानुसार हुनुपर्छ : आमनागरिकका हकमा रोजगारीको सुनिश्चितता गर्दै क्षमताअनुसारको काम र कामअनुसार दामको नीति लागू गर्नुपर्दछ । यो नीतिले नागरिकहरूको निजी जीवन सुखी र समृद्ध हुनेछ । यो कुरा पुँजीवादमा सम्भव नै छैन । उनीहरू क्षमताभन्दा बढी काम गराउँछन् भने तोकिएको दाम दिन्छन् । त्यसैले कम्युनिस्ट समाज र राज्यमा मात्र निजी जीवन सुखमय हुन्छ ।

'पार्टी कार्यकर्ताको अर्थनीति रोजगारीको अनिवार्य व्यवस्था, क्षमताअनुसारको काम, काम अनि आवश्यकताअनुसारको दाम हुनुपर्दछ । यो नीतिअनुसार कम्युनिस्ट कार्यकर्ताहरूले काम गरेको आधा भाग राज्यका लागि र आधा भाग दाम आफ्नै परिवारका लागि पाउनेछन् जसले गर्दा कार्यकर्ताको निजी जीवन सुखपूर्ण हुनेछ भने उनीहरूको योगदानले राज्यले पनि समृद्धि प्राप्त गर्नेछ । यो नीतिमा रहने कार्यकर्ताको जीवन सरल, अनुशासित र अनुकरणीय हुनेछ । पार्टी नेतृत्वमा बसेका कम्युनिस्ट नेताहरूका लागि क्षमताअनुसारको काम र आवश्यकताअनुसारको दाम हुनुपर्दछ । यो नीतिअन्तर्गत नेताहरूले आफ्नो सम्पूर्ण समय राज्य र जनताका लागि लगाउनुपर्नेछ भने नेताहरूको आवश्यकता राज्य वा संस्थाले पूर्ति गर्नुपर्छ । नेतृत्वले निजी सम्पत्ति जम्मा गर्ने स्थिति बन्नु हुँदैन । यसले नेताहरूको जीवन वैभव र विलासीपूर्ण नभएर सरल र आदर्श हुनेछ । यसले नयाँ पिँढीलाई कम्युनिस्ट आदर्शमा डोऱ्याउन मार्गदर्शन गर्नेछ ।'

(राजनीतिक प्रतिवेदन- २०७३, पृ. ४५-४६)

यो नीतिअन्तर्गतको कार्ययोजनाले नै वैज्ञानिक समाजवादमा नेताहरूबाट साम्यवाद सुरु भएर वैज्ञानिक साम्यवादमा पुग्दा सम्पूर्ण जनतामा लागू हुनेछ । त्यसकारण साम्यवाद वा यात्रा साम्यवादी पार्टीको नेतृत्वमा आजैदेखि सुरु हुनेछ संसारभरी वैज्ञानिक समाजवाद आएपछि वर्गविहीन, राज्यविहीन र दलविहीन साम्यवादी समाज व्यवस्थामा पुगिनेछ ।

अतएव साम्यवादी दलले हाम्रो जमानाको पुँजीवादी चुनौतीहरूको सामना गर्दै पुँजीवादद्वारा फैलाइएका भ्रमहरू र त्यसका गलत विचारहरूको चिरफार गरेर क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद र साम्यवादमा पुग्ने अठोट लिएर अघि बढ्नुपर्नेछ । निश्चय नै बाटो कठिन छ, तर मार्क्सका अनुसार 'विज्ञानको कुनै सीधा तथा फराकिलो राजमार्ग हुँदैन र त्यसको प्रकाशमान शिखरसम्म त्यो नै पुग्न सक्दछ जो उसको अधिल्तिर उभिएको ठाडो उकालोदेखि डराउँदैन ।'

१८ वैशाख, २०७८ तदनुसार (१ मे २०२१) १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस ।

*स्रोत : जनविहानी राष्ट्रिय मासिक अंक ३*

## नेपाली भूभागबाट ....

हर्कत तुरुन्त बन्द गर्न जोडदार अपिल गर्दछ र नेपाल सरकारलाई तुरुन्त कूटनीतिक पहलबाट त्यस क्षेत्रको सार्वभौमिकताको सुरक्षा सुनिश्चित गर्न जोडदार माग गर्दछ । साथै लिम्पियाधुरा, कालापानी, लिपुलेक क्षेत्रका जनताको जनगणना गर्नबाट भारतले रोकावट गर्नु नेपालको सार्वभौमिकतामाथिको हस्तक्षेप हो । कूटनीतिक पहलबाट यी मुद्दाहरु सल्ट्याउन पनि हाम्रो पार्टी नेपाल सरकारसँग जोडदार माग गर्दछ ।'

नेपालमा साम्राज्यवादी हस्तक्षेप बढिरहेको समयमा भारतले फेरि नेपालको भूमिमाथिको हस्तक्षेप बढाउने निर्णय गरेको हो । अमेरिकी साम्राज्यवादी परियोजना एमसीसी सदनबाट पारित गरेर नेपाललाई दीर्घकालीन रूपमै अमेरिकी सामाज्यवादको युद्धभूमि बनाउने योजना नेकपाको नेतृत्वमा नेपाली जनताको आन्दोलनले केही मत्थर भएको समयमा भारतले फेरि आफ्नो बदनाम हर्कत अघि बढाएको हो । नेपालका क्रान्तिकारी र देशभक्त शक्तिहरूले यसप्रकारको हर्कतको कडा प्रतिवाद गर्न आवश्यक छ ।

## संसदीय चुनाव होइन ....

एमसीसीको पक्षमा बोल्न लगाइएको खुलासा पनि गरे ।

उनले भने, 'संसदवादी पार्टीहरूका लागि ५ अर्ब, पत्रकारका लागि अढाइ सय अर्ब र बुद्धिजीवी भन्नेका लागि अढाइ सय अर्ब पैसा छुट्याइएको खबर पाएका छौं जसले गर्दा केही मानिसहरू पहिले एमसीसीको विरोध गर्थे भने अहिले पक्षपोषण गरिरहेका छन् ।' उनले देशमा एमसीसी कार्यान्वयन भए नेपाल अमेरिकाको सैन्य अखडा हुने र नेपाली भन्ने अवस्था नहुने पनि प्रस्ट पारे ।

पत्रकार भेटघाटमा नेकपाका केन्द्रीय सदस्य दीपकले आफ्नो पार्टीले स्वतस्फूर्त सहायोग लिने गरेको भए पनि चन्दाआतङ्क नफैलाएको र आफ्नो नाममा केही चन्दा उठाउने गिरोह लागेको बताए ।

जनपत्रकार सङ्गठन बाँकेका अध्यक्ष कमलप्रसाद अधिकारीको अध्यक्षता र सञ्चालनमा सम्पन्न कार्यक्रममा जिल्लाभर क्रियाशील पत्रकार हरूको सहभागिता थियो ।

## संसदवादीहरु नेकपासँग ....

अहिले नेकपामा देखेकाले संसदवादीहरू आत्तिएको टिप्पणी गरे । प्रवक्ता प्रकाण्डले भने, 'प्रचण्डले विचार र राजनीतिमा कमजोरी गरेकाले, वर्ग बिर्सिएकाले र जनताप्रति इमानदार नभएकाले जितसकेको जनयुद्ध प्रतिक्रान्तिमा पुग्यो । क्रान्ति भनेको दुई वर्गबीचको लडाइँ हो ।' उनले जनताका नेता आफ्नो वर्गप्रति इमानदार हुनुपर्ने बताए ।

प्रकाण्डले पार्टीले एमसीसीविरुद्ध देशभर ठूलो आन्दोलन गरेको र त्यसले देशभर सकारात्मक प्रभाव पारेको बताए । उनले अहिलेको मुख्य समस्या राज्यव्यवस्थाको चरित्र मुठीभर दलालहरूको हातमा भएको र यसले गर्दा राष्ट्रघात र जनघात बढिरहेको प्रस्ट पारे । नेपालमा दलाल संसदीय व्यवस्था पूर्ण असफल भएको भन्दै प्रकाण्डले त्यसको ठाउँमा वैज्ञानिक समाजवाद अनिवार्य भएको र त्यसका लागि तत्काल पार्टीले जनमतसङ्ग्रहको चुनावको विकल्प आगाडि सारेको बताए ।

## यातायात श्रमिकहरु ....

उक्त काँडाघारी एकाइ समितिको अध्यक्षमा सन्तोष घर्तीमगर, उपाध्यक्षमा गोविन्द खड्का र सचिवमा अमर घर्तीमगर रहेका छन् । कलङ्की समितिका अध्यक्षमा राजु लामा, सचिवमा कविन बिष्टलगायत रहेको सङ्गठनले जनाएको छ ।

समितिका नवनिर्वाचित पदाधिकारी र सदस्यहरूलाई महासङ्घका केन्द्रीय उपाध्यक्ष बागमती प्रदेश ३ इन्चार्ज शिशिर थापाले बधाई तथा शुभकामना दिएका थिए भने स्वागत यातायात श्रमिक सङ्घका कार्यवाहक अध्यक्ष लालबहादुर तामाङले गरेका थिए ।

कार्यक्रममा महासङ्घको बागमती प्रदेश ३ उपत्यका विशेष क्षेत्रका सदस्यहरूसँगै अभियानरत पेसागत घटक क्षेत्रका इन्चार्ज भीम शर्मा पौडेलको पनि सहभागिता थियो ।

## जनतालाइ आफ्नो सत्ता ....

गर्न जनमत सिर्जना गर्न किसान सङ्घलाई निर्देशन दिएका थिए । वास्तविक जोताहा किसानको हातमा जमिन दिन, वास्तविक किसानले अनुदान पाउन, किसानले आफ्नो उत्पादनको मूल्य आफैँ तोक्न र कृषि क्रान्तिमार्फत देशलाई समृद्ध गर्न वैज्ञानिक समाजवाद आवश्यक रहेकोमा जोड दिँदै नेता पुनले किसानहरूलाई दलाल पुँजीवादी संसदीय व्यवस्थाका विरुद्ध एकीकृत जनक्रान्तिमा लामबद्ध हुन आग्रह गरेका थिए ।

कार्यक्रमको अध्यक्षता सङ्घका जिल्ला संयोजक मधुसूदनले गरेका थिए भने अतिथिहरूमा अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारीका केन्द्रीय उपाध्यक्ष कालीबहादुर शाही, नेकपा कैलाली जिल्ला सचिव दीपेन्द्र चलाउने, जवस र पार्टी जिल्लाका नेताहरू सहभागी थिए । कार्यक्रमको सञ्चालन उदयराम थापाले गरेका थिए ।

सम्मेलनले उपाध्यक्षमा खेम भण्डारी, सचिवमा हरिराम चौधरी, सहसचिवमा उत्सव बखरेल, कोषाध्यक्षमा हरिलाल राना थारूलगायत २३ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

एद्घाटन समारोहमा सङ्घका केन्द्रीय उपाध्यक्ष कालीबहादुर शाही, केन्द्रीय सदस्य रामबहादुर सिंह, नेकपाका कैलाली जिल्ला सचिव दीपेन्द्र चलाउने, अनेमसङ्घ क्रान्तिकारीकी केन्द्रीय सदस्य सुनीता बुढा, अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष महेश पातली, श्रमिक समुदाय मोर्चा नेपालका जिल्ला अध्यक्ष भानु परियार, जनसांस्कृतिक महासङ्घका गोविन्द विकलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## महासचिव विप्लवद्वारा ....

लम्कीचुआ नगरपालिका वडा नं. ४ कौवापुर स्थित निवासमा क्यान्सरबाट निधन भएको हो । नन्दकलाका चार छोरा र एक छोरी छन् । मातृशोकमा परेका पर्वतका बुबा उदयराम बयकको २०६५ सालमा निधन भएको थियो ।

## डोल्पामा नेकपाको ....

जनमतसङ्ग्रहको चुनाव गर्नुपर्ने बताए । उनले पद, प्रतिष्ठा, गुट र लुटको दलदलमा फसेको संसदीय व्यवस्थाको चुनावप्रणाली खारेज गर्नुपर्ने धारणा पनि । जनतालाई दुःख दिने भ्रष्ट नेतालाई जनताले गाउँगाउँबाट लखेट्नुपर्ने भन्दै उनले जनताले अब पनि संसदीय चुनावमा भोट हाल्दा आफ्नो खुट्टामा आफैँ बन्चरो हानेसरह हुने प्रस्ट पारे ।

नेपाल कम्युनिस्ट पार्टी जिल्ला जनसरकार प्रमुख अङ्कको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा डोल्पा जिल्ला इन्चार्ज सागरले गरेका थिए ।


## इलाममा सहिदको ....

राज्यद्वारा बेपत्ता पारिएका अखिल (क्रान्तिकारी) का तात्कालीन केन्द्रीय सदस्य योद्धा कटक साम्पाङ राईलाई गोली हानी हत्या गरिएको र अन्तिम संस्कार गरिएको समाधि स्थलमा सरसफाइ गर्नुका साथै सहिदको योगदानको चर्चा गर्दै असीम स्मरण र सम्झना व्यक्त गरेको छ । उक्त स्थानमा टिम प्रमुख दीपले एकीकृत जनक्रान्तिमा सहिदको सपनालाई जोड्नुपर्ने बताए । इलाम जिल्लाका पार्टी कार्यालय सचिव अविनाशले कटक इलामले जन्माएको देशको सम्पत्ति भएको धारणा राखे ।

अभियान टोलीले रोङकै अर्का सहिद किसान श्रेष्ठको समाधि स्थलमा पुगेर सरसफाइ र श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरेको छ । उक्त श्रद्धाञ्जली कार्यक्रममा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा इलाम इन्चार्ज मदन गजमेर 'विद्रोही' ले बोलेका थिए ।

सोही दिन रोङमै अभियान टोलीले सात सदस्यीय पार्टी सेल कमिटी गठन गरेको छ । सहिद सुरेन्द्र राईका भाइ भूपेन्द्र राईको नेतृत्वमा सात सदस्यीय समिति गठन गरिएको हो । सहिद सुरेन्द्रको सिङ्गो परिवार नेपाल कम्युनिस्ट पार्टीमा ध्रुवीकृत भएको छ । ध्रुवीकरणमा कार्यक्रममा भूपेन्द्रले भने, 'हामी जहिले पनि क्रान्तिका पक्षमा भएकाले यतिबेला हामी सबै एकीकृत जनक्रान्तिमा समाहित हुनैपर्ने अवस्था छ ।' उनले इलामका सबै सहिद परिवार अब एकीकृत जनक्रान्तिमा ध्रुवीकृत हुने विश्वास व्यक्त गर्दै क्रान्तिमा लामबद्ध हुन अपिलसमेत गरे ।

अभियान टोलीले व्यापक भित्तेलेखन गरेको छ । नो एमसीसी, राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, दलाल पुँजीवादी संसदीय व्यवस्था मुर्दावाद, वैज्ञानिक समाजवाद स्थापना गरौं, जनमतसङ्ग्रहको घोषणा गरजस्ता नाराहरू लेखिएको छ । अभियान टिमले शान्तिपुरमा नाचगान गरेर जनवादी कला प्रदर्शन गरेको जानकारी अभियान टोलीका सङ्गठनका केन्द्रीय सदस्य गोविन्दले दिए ।

## वैज्ञानिक समाजवादी व्यवस्थाले ....

योद्धाहरूको योगदान संस्थागत हुन नसक्ने भन्दै अब सहिदहरूका सपना साकार पार्न संघर्ष गर्नुको विकल्प नरहेको बताएका छन् ।

कार्यक्रममा बोल्दै नेपाल कम्युनिष्ट पार्टीका सचिवालय सदस्य सन्तोष बुढा मगर विषमले सहिद बेपत्ताहरूले जुन उदेश्यले बलिदान गरे त्यो उदेश्य प्राप्त नभएको बताए । सहिद बेपत्ता योद्धाहरूले यो दलाल संसदीय व्यवस्थाको लागि बलिदान नगरेको भन्दै जनताको राज्यसत्ता वैज्ञानिक समाजवादी व्यवस्थाका लागि बलिदान गरेको बताए । सहिद बेपत्ता योद्धाहरूले जुन उदेश्यका साथ बलिदान गरे त्यो प्राप्त गर्न त्यो राज्यसत्ता स्थापना गर्न आफ्नो पार्टी अन्तीमसम्म लड्ने र संघर्ष गर्ने प्रतिबद्धता व्यक्त गरे । नेता विषमले अहिलेको राज्यसत्ता सहिद बेपत्ता र उत्पीडित वर्गको पक्षमा नरहेकाले र जनयुद्धबाट आएको नेतृत्वले विचलनमा गएर वर्ग फेरेकाले सहिद बेपत्ताहरूको बलिदानको कदर नभएको यो राज्यले सहिद बेपत्ता योद्धाहरूको दायित्व नलिएको बताए । अब यो व्यवस्था फेल भएकाले यसको विकल्पको ?पमा आफूहरूले वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाको लागि जनमत संग्रहको कार्यनीति लिएको बताए। अहिलेको राजनीतिक संकटको समाधान जनमत संग्रह नै भएको ठोकुवा गर्दै उनले अब न्यायको छिनोफानो जनताले गर्न पाउनु पर्नेमा जोड दिए। उनले भने इतिहासका निर्माता जनता हुन्, अहिलेको दलाल संसदीय पुजीवादी व्यवस्था ठिक कि वैज्ञानिक समाजवाद ठिक जनताले छिनाफानो गर्न पाउनु पर्छ, व्यवस्था छिनोफानो गर्ने अबको वकिल जनता हुन पाउनु पर्छ, त्यसैले जनमत संग्रह आवश्यक छ। दलाल पुजीवादका वि?द्ध वैज्ञानिक समाजवाद स्थापना गर्न सबै कम्युनष्टहरू साझा ऐजेण्डा बनाएर एक ठाउँमा उभिन सक्नुपर्ने बताए।

एमसीसीको प्रसंगमा बोल्दै नेकपा नेता विषमले आफ्नो पार्टीको संघर्षका कारण एमसीसी पास गर्न खोज्नेहरू संसदवादी दलका नेताहरूले शंखे किरो झैं टाउको भित्र लुकाएको तर पूरै पछाडि हटिनसकेकाले अझै जनता जाग?क हुनुपर्ने बताए।

उक्त कार्यक्रममा बोल्दै बेपत्ता छानबिन आयोगका केन्द्रीय सदस्य विश्वप्रकाश भण्डारी र सत्य नि?पण तथा मेलमिलाप आयोगका प्रवक्ता मुना दाहालले ऐन अपूरो र संशोधन नभएर आयोगले सोचेअनु?प काम गर्न नसकेको बताए।

नेकपा (एमाले) का केन्द्रीय सचिव लेखराज भट्टले आफूहरू जुन वर्गको लागि लडेको उक्त वर्गमा नभएको कुरा स्वीकार गरे । आफू अहिले जुन पार्टीमा भएपनि हिजोको विरासत भुल्न नसक्ने भन्दै फेरि पनि कम्युनिष्टहरू एक ठाउँमा आउने वातावरण आउछ कि भन्नेमा आशावादी रहेको बताए।

कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी) का पोलिट ब्युरो सदस्य दिनेश शर्माले जुन प्रतिबद्धताका सहिदहरू आफ्नो जीवन गुमाएका थिए त्यो व्यवस्था प्राप्त भए मात्र सहिद परिवारहरूले गर्व महसुस गर्ने बताए।

नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य लेखनाथ न्यौपानेले राज्यले ठिक ढंगले सहिद बेपत्ता योद्धा परिवारलाई सम्बोधन गर्न नसक्दा यो समस्या आएको बताए।

उक्त कार्यक्रममा जनअधिकार अभियान नेपालका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, राजनैतिक विश्लेषक नरेन्द्र जंग पिटर, नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य माइला लामा, बेपत्ता योद्धा परिवार समाजका महासचिव राम भण्डारीले यो राज्यले सहिद बेपत्ता योद्धाहरूको योगदान संस्थागत गर्न नसकेको, सहिद बेपत्ता योद्धा परिवारको सम्मान र दायित्वबहन गर्न नसकेकाले अब सहिद बेपत्ता योद्धाहरूको सपना पूरा गर्न जनताको व्यवस्था स्थापना गर्न संघर्षमा लाग्नुपर्ने बताए।

कार्यक्रममा जनता समाजवादी पार्टीका कार्यकारिणी सदस्य हिसिला यमी, मानवअधिकारवादी चरण प्रसाई, बहिगर्मित जनमुक्ति सेनाका इन्चार्ज असिम लिम्बु लगायतले बोलेका थिए।

बेपत्ता योद्धा परिवार समाज नेपाल केन्द्रीय समितिका इन्चार्ज सावित्रा दुरा आस्थाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सहिद परिवार संगठन, नेपाल केन्द्रीय समितिका अध्यक्ष खुमा सुवेदीले गरेका थिए।

# जनपत्रकार सङ्गठन नेपाल सिन्धुपाल्चोकको प्रथम जिल्ला भेला सम्पन्न

■ **रातोखबर संवाददाता**/सिन्धुपाल्चोक

**चौतारा ।** प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा हाम्रो ऐक्यवद्धता ! मानव अधिकारको रक्षा र सामाजिक उत्तरदायित्वका लागि जनपत्रकारिता ‼ मूल नारासहित जनपत्रकार सङ्गठन नेपाल सिन्धुपाल्चोकको प्रथम जिल्ला भेला बलेफीमा सम्पन्न भएको छ।

उक्त भेलाले पार्वती बस्नेतको नेतृत्वमा ७ सदस्यीय जनपत्रकार सङ्गठन नेपाल सिन्धुपाल्चोक जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ।

भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सेक्रेटरी युगीनले जनपत्रकार सङ्गठनले श्रमजीवी जनताको मिसन पत्रकारितालाई समात्न आवश्यक रहेको बताए। विश्वमा अहिले सञ्चार माध्यमको भूमिका महत्वपूर्ण रहेको भन्दै उनले २१ औं शताब्दीमा विकास भएको विज्ञानप्रविधिसहित पत्रकारिता र साइबर सेनाको भूमिका निर्वाह गर्नु आवश्यक बताए। जनपत्रकारहरु दलाल संसदीय व्यवस्थाको भन्डाफोर गरी वैज्ञानिक समाजवादका पक्षमा जनतामा लेख, रचना र विचारहरु सम्प्रेषण गर्नुपर्ने उनले बताए।



कार्यक्रममा पार्टीका जिल्ला विशेष समिति सदस्य किरण घिमिरेले जनपत्रकारले वैज्ञानिक समाजवादका पक्षमा निरन्तर कलम चलाउनुपर्ने बताए । कार्यक्रमको सञ्चालन जिल्ला समिति सदस्य कुमार श्रेष्ठले गरेका थिए भने कार्यक्रमको अध्यक्षता पार्वती बस्नेतले गरेकी थिइन्।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी सिन्धुपाल्चोकले सञ्चालन गरेको सङ्गठन विस्तार अभियानमा मेलम्ची नगरपालिका १० मा दीपेन्द्र विकको नेतृत्वमा १३ सदस्यीय वडा समिति गठन भएको छ।


**TANAHU HYDROPOWER LIMITED (140MW)**

**Tradea Tower, Thapathali road, Kathmandu**

Tanahun Hydropower Limited was established as a subsidiary company of NEA to develop 140 MW Tanahun Hydropower Project (previously known as Upper Seti HEP). The major construction activities are scheduled to begin by the end of 2017. The main features of the Project are:

Installed Capacity : 140 MW
Annual Energy : 585.7 GWh
Design Flow : 131.2 m3/s
Dam Height/Type : 140 m/concrete gravity
Headrace Tunnel : 1162 m (7.4 m dia)
Surge Shaft : 61.5 m (ht.), 28 m (dia)
Penstock Pipe : 160 m (l), 5.7 m to 4 m (dia)
Turbine : Vertical Shaft Francis 2 Nos.
Powerhouse : Underground Type
Transmission Line : 36.9 km



MBA Evening Program

BBA Bachelor in Business Administration

BHM Bachelor in Hotel Management



RAJDHANI MODEL COLLEGE (Affiliated to Pokhara University)

Ambika Marga, Pipalbot, Old Baneshwor
Tel: 1-4473348, 4488304, 4465705, E-mail: info@rmccollege.edu.np
www.rmccollege.edu.np

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं